# स्थानीय अनुकूलन कार्ययोजना
# Local Adapatation Plan of Action (LAPA)
# पातारासी गाउँपालिका, जुम्ला
(आ.व.२०७९/०८० देखी २०८३/०८४ सम्म)



पातारासी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिल्लीचौर, जुम्ला
२०७९

**योजनाको नाम** : स्थानीय अनुकूलन कार्ययोजना

**योजना अवधि** : २०७९/०८० देखि २०८३/०८४ सम्म (५ बर्ष)

**तयार गरिएको वर्ष** : २०७९

**तयार गर्ने निकाय** : पातारासी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जुम्ला

**आर्थिक सहयोग** : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम

**सहजिकरण** : एक्सिस इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.

**सर्वाधिकार** : पातारासी गाउँपालिका, जुम्ला

**आवरण तस्विर** : पातारासी गापा वडा नं.३, चौर स्थित चौरखोलाले पुर्‍याएको क्षतिको अवस्था

# पातारासी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## डिल्लीचौर, जुम्ला, कर्णली प्रदेश

**पत्र संख्या :** २०७८/०७९ **मिति :** २०७९/०३/२०

**चलानी :**



**बिषय : जो जस संग सम्बन्ध राख्दछ ।**

कर्णाली प्रदेश, जुम्ला जिल्लाको पातारासी गाउँपालिका दुर्गम तथा पिछडिएको क्षेत्रमा पर्दछ । यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो । विपद् जोखिम तथा जलवायु परिवर्तनले गर्दा गरिवी र सामाजिक अन्यायका अर्न्तनिहित कारणहरु न्यूनीकरणका लागि थप चुनौतिहरु सृजना गरेको छ । अनियमित बर्षा, विनाशकारी हुरि बतास, हिमपात, सुख्खा आदि जस्ता सवै प्रकारका प्रकोपहरुले गर्दा गरिव तथा विपन्न वर्गको जीविकोपार्जन सुरक्षामा असर पार्दछन् । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । बिभिन्न खालका प्रकोपहरुले यस गाउँपालिका अन्तर्गत रहेका समुदायहरुका स्थानीय बासिहरुलाई असर पारेको छ । यहाँका सतप्रतिशत घरधुरीहरु विपद जोखीम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्ये नजर गरि यो पातारासी गाउँपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम"को आर्थिक सहयोग, पातारासी गाउँपालिका, जुम्लाको समन्वय र एक्सिस इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट सर्भिसेज प्रा. लि. को सहजिकरणमा पातारासी गाउँपालिका जुम्लाले तयार गरेको हो ।

यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले ब्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । गाउँपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्राप्त गर्नसक्ने सरोकारवालाहरु समेतको सहयोगमा यसलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ । यो कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य आवश्यक श्रोत साधनहरुको व्यवस्थापन गर्न गाउँपालिकाको तर्फबाट सदैब सहयोग रहने छ । यो कार्ययोजना तयारी तथा कार्यन्वयनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने राष्ट्रिय जलवायु परिवर्तन सहयोग कार्यक्रमलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । त्यसै गरी यो योजना तयारीको प्रकृयामा सहजीकरण गर्ने एक्सिस इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट सर्भिसेज प्रा. लि. / लक्ष्य ट्रेनिंग एण्ड रिसर्च सेन्टर प्रा. लि.का विज्ञ टोलि र राष्ट्रिय जलवायु परिवर्तन सहयोग कार्यक्रमको जिल्ला कार्यक्रम टोली तथा यो कार्ययोजना तयारीमा अहोरात्र खटिने यस वडाका जन प्रतिनिधीहरु, राजनितिक दलहरु, शिक्षक, समाजसेवी, विपद व्यवस्थापन समितीका पदाधिकारीहहरु, महिला, दलित लगायत सहभागी सम्पूर्ण निकाय तथा व्यक्तिहरुलाई प्रति धन्यवाद ज्ञापन गर्दछु । साथै पातारासी गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समितिले सबै निकायहरुलाई सहयोगको लागि आव्हान गर्दछ ।

पूर्णसिंग बोहोरा

अध्यक्ष

# पातारासी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## डिल्लीचौर, जुम्ला, कर्णली प्रदेश

**पत्र संख्या :** २०७८/०७९ **मिति :** २०७९/०३/२०

**चलानी :**



**बिषय : जो जससंग सम्बन्धित छ ।**

तीव्र औद्योगिक विकास, अव्यवस्थित सहरीकरण, जीवांश इन्धनको अत्यधिक प्रयोग, विषाक्त ग्याँस तथा रासायनिक पदार्थको उत्पादन, वन विनाश आदि जस्ता मानवजन्य क्रियाकलापले उत्पन्न हरितगृह ग्याँसले विश्वव्यापी उष्णीकरण भइरहेको छ। यसको परिणाम स्वरूप जलवायुमा परिवर्तन आएको कुरा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट पुष्टि भइसकेको छ। जलवायु परिवर्तनको असर स्थानीय तहमा पनि प्रत्यक्ष रुपमा देखिन थालिसकेको छ। तसर्थ परिवर्तित जलवायुले निम्त्याएको असरहरुसंग जुध्न अनुकूलनका उपायहरु अपनाउनु अहिलेको प्रमुख चुनौती बनेको छ।

वर्षेनी नेपालमा अनियमित हिमपात, वर्षा, बाढी, पहिरो, खडेरी, हुरीबतास, असिना आदि जस्ता प्रकोपहरु देखा पर्छन। यस्ता प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनका स्रोतहरुमा प्रत्यक्ष असर पार्दछन्। यस्ता असरबाट जुम्ला जिल्लाको पातारासी गाउँपालिका पनि अछुतो रहेको छैन। यहाका वासिन्दाहरुले यिनै प्रकोपहरुको नकारात्मक असरहरु महशुस गरिरहेका छन्। यसै सन्दर्भमा पातारासी गाउँपालिकाका स्थानीय समुदायसंग प्रत्यक्ष अर्न्तक्रिया गरी जलवायु परिवर्तन सम्बन्धि सचेतना अभिवृद्धि गर्दै सङ्कटासन्नता क्षेत्र र समुदाय पहिचान गरिएको छ। यसका साथै जलवायु उत्पन्न प्रकोपहरुलाई विभिन्न विधिहरु प्रयोग गरी स्थानीय अनुकूलनका उपायहरुको पहिचान तथा प्राथमिकिकरण गरिएको छ। यसरी पहिचान गरिएका जलवायु उत्पन्न प्रकोपहरुलाई अनुकूलन गर्नको लागि आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना तयार गरिएको छ।

यस गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजनालाई सफलतापूर्वक सम्पन्न गर्नको लागी सहजीकरण गर्ने एक्सिस इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट सर्भिसेज प्रा. लि., नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम र जिल्ला कार्यक्रम टिमका प्रतिनिधिहरु तथा स्थानीय सरोकारवालाहरु, विभिन्न निकायका प्रतिनिधिहरु तथा अन्य संघसंस्थाहरुको प्रत्यक्ष सहभागिताको लागि धन्यवाद दिन चाहन्छु। लापामा बनेका योजनाहरुको पारदर्शिता सहित कार्यान्वयन गर्नको लागि सरोकारवाला निकायहरुसंग समन्वय तथा सहकार्यको लागि पातारासी गाउँपालिका, डिल्लीचौर, जुम्लाको कार्यालय सदा तत्पर रहने छ। यस योजनाको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला तथा सम्बन्धित निकायहरुमा सहयोग तथा सहकार्यको अपेक्षा राख्दछु।

धन्यवाद।

बिष्णु प्रसाद धिताल

प्रमुख प्रशासकिय अधिकृत

## संक्षेपिकृत शब्दहरु

| | |
|---|---|
| हे. | हेक्टर |
| गा.पा. | गाउँपालिका |
| गै.स.स. | गैर सरकारी संस्था |
| एल.डि.एम.सि | स्थानीय विपद व्यवस्थापन समिति |
| एल.डि.सि .आर.पि. | स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना |
| लापा | स्थानीय अनुकुलन योजना |
| कि.मि. | किलोमिटर |
| जि.वि.व्य.स. | जिल्ला विपद् व्यवस्थापन समिति |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| मि. | मिटर |
| नापा | राष्ट्रिय अनुकुलन योजना |
| न.पा. | नगरपालिका |
| मा.वि. | माध्यमिक विद्यालय |
| आ.वि. | आधारभुत विद्यालय |
| आ.व. | आर्थिक वर्ष |
| अ.गै.स.स. | अर्न्तराष्ट्रिय गैर सरकारी संस्था |
| रु. | रुपैयां |
| सा.व.उ.स. | सामुदायिक वन उपभोक्ता समूह |

## विषय सूची


**संक्षेपिकृत शब्दहरु....................................................................................... क**

**तालिकाको सुची....................................................................................... ग**

**चित्रको सुचि....................................................................................... घ**

**स्थानीय अनुकूलन कार्ययोजनाको सारांश....................................................................................... च**

**परिच्छेद १ : योजनाको औचीत्य तथा मान्यता....................................................................................... 1**

*१.१ स्थानीय अनुकूलन कार्ययोजनाको सर्न्दभ तथा औचीत्य*....................................................................................... 1

*१.२ स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु*....................................................................................... 2

*१.३ स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन बीच अन्तरसम्बन्ध*....................................................................................... 3

**परिच्छेद २ : पातारासी गाउँपालिकाको परिचय....................................................................................... 4**

*२.१ अवस्थिति र भैागोलिक अवस्था*....................................................................................... 4

*२.२ सामाजिक, आर्थिक तथा मानविय अवस्था*....................................................................................... 4

२.२.१ सामाजिक अवस्था....................................................................................... 4

२.२.२ मानवीय अवस्था....................................................................................... 5

२.२.३ आर्थिक क्रियाकलापहरुको अवस्था....................................................................................... 5

*२.३ प्राकृतिक श्रोतको अवस्था (वन, जलस्रोत, जमिन)*....................................................................................... 5

२.३.१ वन सम्बन्धि बिवरण....................................................................................... 5

२.३.२ जलश्रोत बिवरण....................................................................................... 7

२.३.३ भू–उपयोग....................................................................................... 7

*२.४ भौतिक पुर्वाधारको अवस्था*....................................................................................... 9

*२.५ गाउँपालिकामा कार्यरत संघसंस्थाहरुको अबस्था तथा उपलब्ध सेवाहरु*....................................................................................... 9

*२.६ गाउँपालिकाको सुशासनको अवस्था*....................................................................................... 10

**परिच्छेद ३ : स्थानीय अनुकूलन कार्ययोजनाको विधि र प्रकिया....................................................................................... 11**

*३.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि*....................................................................................... 12

*३.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी*....................................................................................... 13

३.२.१ प्रकोपको ऐतिहासिक घटनाक्रम....................................................................................... 13

३.२.२ परिवर्तित प्रकोप तथा मौसमी पात्रो....................................................................................... 26

३.२.३ तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण ९Climate profile)....................................................................................... 29

३.२.४ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन....................................................................................... 30

३.२.५ जोखिमको रुपरेखा ........ 33
३.२.६ संकटासन्न वर्ग तथा समुदाय पहिचान (differnetial impact) ........ 35
३.२.७ प्रकोपको प्राथमिकिकरण ........ 38
३.२.८ वडाको जोडागत जोखिम स्तरीकरण ........ 39
३.२.९ प्रकोप तथा जोखिम विश्लेषण ........ 42
३.२.१० जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण ........ 44
३.२.११ विषयगत क्षेत्रमा पारेको प्रभाव ........ 45
३.२.१२ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण ........ 48
**परिच्छेद ४ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान ........ 52**
*४.१ जलवायु परिवर्तन अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना* ........ 52
*४.२ अनुकूलन तथा विपद् जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण* ........ 55
*४.३ अनुकूलन कार्ययोजनाको निर्माण* ........ 58
**परिच्छेद ५ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण ........ 87**
*५.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण* ........ 88
*५.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण* ........ 88
*५.३ अनूगमन तथा मुल्याङ्कन योजना* ........ 89
**परिच्छेद ६ : अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन ........ 92**
**सन्दर्भ सामग्री ........ 93**
**अनुसुचिहरु ........ 94**
*अनुसूची १ : स्थानीय बिपद् व्यवस्थापन समिति, पातारासी गाउँपालिका, जुम्ला* ........ 94
*अनुसूची २ : पातारासी गाउँपालिका, गाउ कार्यपालिका का पदाधिकारीहरुको विवरण* ........ 96
*अनुसुची ३ : कार्यक्मका तस्वीरहरु* ........ 97
*अनुसुची ४. कार्यक्रमको उपस्थिति विवरण* ........ 101

## तालिकाको सुची

तालिका १ : पातारासी गाउँपालिका भित्र संचालनमा रहेका लघु जलबिद्युत तथा बिद्युत उत्पादन केन्द्रहरु ........ 7
तालिका २ : पातारासी गाउँपालिकाको भू उपयोगको विवरण ........ 8
तालिका ३ : सेवा प्रदायक संस्थाहरुको विश्लेषण ........ 9
तालिका ४ : कार्यक्रम अनुसार उपस्थिति विवरण ........ 12

तालिका ५ : पातारासी गाउँपालिकाको प्रकोपको ऐतिहासिक घटनाक्रम ..................................... 15
तालिका ६ : परिवर्तित प्रकोप तथा मौसमी पात्रो ..................................... 27
तालिका ७ : पातारासी गाउँपालिकाको जोखिमको रुपरेखा ..................................... 33
तालिका ८ : संकटासन्नवर्ग तथा सामाजिक समुहहरुको पहिचान ..................................... 36
तालिका ९ : प्रकोपको स्तरिकरण ..................................... 38
तालिका १० : वडाहरुको जोडागत जोखिम स्तरिकरण ..................................... 39
तालिका ११ : वडा प्राथमिकिकरण को पुस्ट्याई ..................................... 40
तालिका १२ : प्रकोपको अवस्था तथा जोखिमहरुको विश्लेषण ..................................... 42
तालिका १३ : जीविकोपार्जनका स्रोतहरुमा प्रभाव विश्लेषण ..................................... 44
तालिका १४ : विषयगत क्षेत्रमा पारेको प्रभाव ..................................... 45
तालिका १५ : वन जङ्गल पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ..................................... 49
तालिका १६ : कृषि पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ..................................... 49
तालिका १७ : जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ..................................... 50
तालिका १८ : पारिस्थितिकिय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण ..................................... 51
तालिका १९ : अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना ..................................... 52
तालिका २० : अनुकूलन तथा विपद जोखिम न्यूनीकरणका कार्यहरुको प्राथमिकिकरण ..................................... 55
तालिका २१ : स्थानीय अनुकूलन कार्ययोजना ..................................... 59
तालिका २२ : योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नूपर्ने ..................................... 89
तालिका २३ : अनूगमन तथा मुल्याङ्कन योजना ..................................... 90

## चित्रको सुचि

चित्र १ : जलवायु परिवर्तन र विपद बिच अन्तर सम्बन्ध ..................................... 3
चित्र २ : पातारासी गाउँपालिकाको वडा सहितको नक्सा ..................................... 4
चित्र ३ : पातारासी गाउँपालिकाको भूउपयोग नक्सा ..................................... 8
चित्र ४ : लापा खाकाको समग्र प्रक्रिया ..................................... 11
चित्र ५ : स्थानिय अनुकूलन कार्ययोजना विधि प्रक्रिया ..................................... 12
चित्र ६ : प्रकोपको बारम्बारता ..................................... 26
चित्र ७ : अधिकतम, न्युनतम र औसत तापक्रमको अवस्था ..................................... 29
चित्र ८ : वार्षिक वर्षा र ऋतुअनुसार वर्षाको विवरण ..................................... 30
चित्र ९ : पातारासी गाँउपालिकाको विगत २० बर्षको वडागत पहिरोको अवस्था ..................................... 31
चित्र १० : पातारासी गाउँपालिकामा पहिरोको अवस्था ..................................... 31
चित्र ११ : पातारासी गाउँपालिकाको पहिरो जोखिम नक्सा ..................................... 32

चित्र १२ : पातारासी गाउँपालिकाको बाढी जोखिम नक्सा.......... 33
चित्र १३ : वडागत संकटासन्न नक्सा.......... 40
चित्र १४ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण .......... 87

## स्थानीय अनुकूलन कार्ययोजनाको सारांश

जलवायु परिवर्तन र यसका प्रतिकुल प्रभावहरु समग्र विश्वकै लागि साझा चुनौतिका रुपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा जुम्ला जिल्लाको पातारासी गाउँपालिकाले पनि यसबाट श्रृजित तथा भविष्यमा श्रृजना हुन सक्ने प्रतिकुल प्रभावहरुसँग अनुकूलित हुने क्षमताको अभिवृद्धि गर्न परीमार्जीत स्थानीय अनुकूलन योजनाको कार्यढाँचा २०७६ ले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्वन गरी बहुसरोकारवाला निकायहरु जस्तै गाउँपालिकाका जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघ संस्थाहरुका प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघ संस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा स्तरवाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी आ.व २०७९/८० देखि ०८३/८४ सम्मका लागि ५ बर्षे स्थानीय अनुकूलन कार्ययोजना तयार गरेको छ। यस कार्ययोजनाको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ।

| शिर्षक | विवरण | | | |
|---|---|---|---|---|
| गाउँपालिकाको सिमाना | **पूर्वः** डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिका<br>**पश्चिमः** चन्दननाथ नगरपालिका र कनकासुन्दरी गाउँपालिका जुम्ला<br>**उत्तरः** मुगु जिल्ला<br>**दक्षिणः** गुठिचौर गाउँपालिका जुम्ला | | | |
| भौगोलिक अवस्थिति | २९ डिग्री १३ मिनेट४५ सेकेण्ड देखि २९ डिग्रि ३० मिनेट २५ सेकेण्ड उत्तरी आक्षांस र ८२ डिग्री ०९ मिनेट ५५ सेकेण्ड देखि ८२ डिग्री ३५ मिनेट ३० सेकेण्ड पूर्वी देशान्तर | | | |
| क्षेत्रफल | ८१४.०७ वर्ग किलोमिटर | | | |
| जनसंख्या | महिला | पुरुष | जम्मा | जम्मा घरधुरी |
| | ८,२८६ | ८,८४९ | १७,१३५ | ३,१७४ |
| | **श्रोतः** केन्द्रिय तथ्याङ्क विभाग तथा घरपरिवार सर्भेक्षण २०७५ | | | |
| जातजाती | क्षेत्री, दलित र जनजातिहरु | | | |
| प्रमुख पेशा तथा जीविकोपार्जनका आधार | कृषि, पशुपालन, मजदुरी र अन्य रोजगारी | | | |
| हावापानी | उच्च पर्वतिय चिसो हावापानी | | | |
| मुख्य प्रकोप तथा विपद्हरु | असिना, बाढि, कृषिमा रोग, वन्यजन्तु आतंक, चटयाङ्ग, आगलागि, पशुरोग, हिमपात, खडेरी, पहिरो, मानवरोग र हावाहुरी | | | |
| संकटासन्न वडाहरु | **उच्च जोखिमका वडा हरु** | **मध्यम जोखिमका वडाहरु** | **न्युन जोखिमका वडा** | |
| | क्रमस पहिलो वडा नं. १<br>दोश्रो वडा नं. २<br>तेश्रो वडा नं. ३<br>चौथोमा वडा नं. ७ | वडा नं. ५<br>वडा नं. ६ | वडा नं. ४ | |
| योजनाको परिकल्पना | गाउँपालिकाको संकटासन्न तथा जोखिमका समुदायको अनुकूलन क्षमता अभिवृद्धि भै प्रकोप/विपद् तथा जलवायु परिवर्तनको नकरात्मक असर न्यून भएको हुनेछ। | | | |

| | |
|---|---|
| आशातित उपलब्धी | विपद तथा जलवायु परिवर्तनलाई विकासका क्रियाकलापहरुमा मुलप्रवाहीकरण गरी विपद न्युनीकरण र जलवायु परिवर्तन सँग अनुकुलीत हुदै तनाव रहीत एक उत्थानशिल गाउँपालिकाको रुपमा परिचित हुने आशा राखिएको छ। |
| अनुमानीत जम्मा बजेट | ३२,५०,४५,०००/- |
| मुख्य भूमिका/ सहयोग गर्न सक्ने निकायहरु | गाउँपालिका, वडा कार्यालय, जि.स.स, पशुपंक्षि विकास शाखा, स्वास्थ्य चौकी, विषयगत कृषि शाखा, कृषक समुह, सामुदायिक वन उपभोक्ता समुह, सहकारी संस्था, प्रहरी चौकी, नेपाली सेना, ससशत्र प्रहरी बल, बजार व्यवस्थापन समिति, जिल्ला उद्योग वाणिज्य संघ, गैर सरकारी संस्थाहरु, सिंचाई डिभिजन कार्यालय, डिभिजन वन कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, युवा क्लबहरु, महिला समुह, आमासमुह, खानेपानी कार्यालय |
| क्षमता विकास | गाउँपालिका, वडा कार्यालय र बस्ती अथवा तीन वटै तहका कार्यान्वयन कर्ता, व्यवस्थापक, अनुगमन कर्ता समेत स्थानीय तहमा विषयगत क्षेत्रको जनशक्ति विकास कार्य गरिने |
| लैंगिक तथा सामाजिक समाबेशकिरण | प्राकृतिक तथा मानव सिर्जित विपद्ले गर्दा मानविय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नको लागि तर्जुमा गरिएको अनुकूलन क्रियाकलापहरुमा गर्भवती महिला, २ वर्षमुनीको बालवालिका, विपन्न वर्ग, दलित, महिला, तथा पछाडि पारिएका वर्गहरुको पहुंच तथा नियन्त्रणको अवस्था सुनिश्चित्ता गरिएको |
| योजनाको समायोजन | तयार गरिएको स्थानीय अनुकूलन योजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्नको लागि गाउँपालिका स्तरमा तयार हुँदै गएको आवधिक योजनामा र आगामी वर्ष देखि राष्ट्रिय योजना तर्जुमा प्रक्रिया अनुसार समायोजन गरिने छ र अन्य सरकारी तथा गैर सरकारी निकायको वार्षिक योजनामा समेत समाबेश गराउनको लागि पैरवी गरिनेछ |
| कार्यान्वयन | गाउँपालिका तथा वडा कार्यालयको नेतृत्वमा विषयगत कार्यालय र स्थानीय सेवाप्रदायक संघसंस्थाको सहकार्यमा कार्यान्वयन गर्नुपर्ने |
| अनुगमन तथा मुल्याङ्कन | कार्यक्रमको अनुगमन तथा मुल्यांकन जिल्ला तह, पालीका, वडा कार्यालय र समुदाय तहबाट गरिने |

यस पातारासी गाउँपालिकामा विभिन्न प्रकारका प्रकोप तथा विपद्का कारणले देखा परेका असरहरु, प्रभावहरु तथा जोखिमहरुको पहिचान गरी गाउँपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना तयार गरीएको छ। माथि उल्लेखित विवरणहरु यस स्थानीय अनुकूलन कार्ययोजनाका आधारहरु हुन्। यस कार्ययोजनाको सफल कार्यान्वयन र दिगो प्रभावका लागि सबै सरोकारवालाहरुको भुमिकामा विशेष जोड दिइएको छ र यसको कार्यान्वयन गरे पश्चात यहाँका बासिन्दाहरु विशेषतया लक्षित वर्ग, महिला, बालबालिका, वृद्ध, अपाङ्ग, आदिवासी, जनजातीका साथै जोखिमपूर्ण क्षेत्र र सबै वर्गका बासिन्दाहरुको अनुकूलन क्षमता वृद्धि हुन गई भविष्यमा सबै प्रकारका प्रकोप तथा विपदको न्युन असर/न्युन प्रभाव देखिनेछ भनी अनुमान गरिएको छ।

## परिच्छेद १ : योजनाको औचीत्य तथा मान्यता

### १.१ स्थानीय अनुकूलन कार्ययोजनाको सन्दर्भ तथा औचीत्य

जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया हो यद्यपि मानव जन्य क्रियाकलापहरु वन विनाश, बढ्दो औद्योगिकीकरण, यातायात क्षेत्रमा पारम्परिक खनिज इन्धनको व्यापक प्रयोग र अव्यवस्थित शहरीकरणले हरितगृह ग्याँसको चिन्ताजनक उर्त्सजनबाट जलवायु परिवर्तनमा तिव्रता आएको छ । जलवायु परिवर्तनको कारकको रुपमा मानिएको हरितगृह ग्याँसको उत्सर्जनमा नगण्य भूमिका हुँदा हुँदै पनि जर्मनवाच द्वारा प्रकाशित 'ग्लोकल क्लाइमेट रिस्क इन्डेक्स-२०२१ को १६ संस्करणका अनुसार सन् २०००-२०१९ को अवधिमा जलवायु परिवर्तनबाट प्रभावित प्रमुख दस देशको सूचीमा नेपाल दशौं नम्बरमा परेको छ । ११ हजार भन्दा बढी त्यस्ता घटनाहरुको कारण ४,७५,००० भन्दा बढी व्यक्तिले जीवन गुमाए र विश्व अर्थतन्त्रले २.६६ ट्रिलियन अमेरिकी डलरको नोक्सानी बेर्होनुपऱ्यो ।

जलवायु परिवर्तनले गर्दा तापक्रममा वृद्धि हुने, वर्षामा परिवर्तन हुने र समग्र पृथ्वीको प्राकृतिक सन्तुलनमा फरक पर्न थालेको महशुस हुन थालेको छ । हिमालका हिँउ पग्लने, हिमतालहरू फुट्ने, अनियमित तथा अधिक वर्षा हुने, समुन्द्री सतह बढ्ने, बाढी, पहिरोको जोखिम तथा आवृत्ति बढ्ने, खडेरी लम्बिने तथा कृषि उत्पादनमा ह्रास आउने जस्ता समस्याहरू विकाराल रुपमा देखिदैं आएका छन् । जिविकोपार्जनका लागि प्राकृतिक स्रोतहरु र वर्षातको पानीमा अधिक निर्भर रहने हाम्रो देशमा यसको असर र पार्न सक्ने प्रभावहरु आउने दिनमा अझै बढ्ने देखिन्छ । नेपाल विश्वका १९८ मलुक मध्ये एक भू-कम्पीय जोखिमको हिसाबले ११ औं (यु.एन. वि.सि.पि.आर. २००४), पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं (मानव विकास प्रतिवेदन २००९) स्थानमा रहेको छ । जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा भौतिक पूर्वाधारमा धेरै नकारात्मक असर परेको विवरण राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७ ले जनाएको छ । जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको कुरा विभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन् भने यसको असरबाट गरिब, विपन्न, महिला, बालवालिका, वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरु बढी प्रभावित हुन्छन् भन्ने तथ्य समेत विभिन्न अध्ययनहरुले प्रष्ट पारिसकेका छन् ।

यसै सन्दर्भमा जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (National Framework on LAPA) २०६७ का साथसाथै विभिन्न स्थानीय अनुकूलन कार्ययोजनाहरु (LAPA) समेत तयार गरी सफलतापूर्वक कार्यान्वयन गरिदै आएका छन् । सँगसँगै जलवायु परिवर्तन अनुकूलन सम्बन्धि आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दिर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan-NAP) न्याप तयारीको प्रक्रियामा रहेको छ । विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूर्नसंरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६, जारी गरिसकेको छ भने स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परीमार्जीत स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना (Revised LAPA Framework) २०७६ पारीत भैसकेको छ । यो परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरु व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरु पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरु बीच नियमित सहकार्य तथा सम्वाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तरराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ ।

जलवायु परिवर्तनको प्रकोपको असर तथा विपदबाट विपन्न, महिला तथा बालबालिका, वृद्धवृद्धा तथा फरक क्षमता भएका समुदायहरु बढी प्रभावित हुने विभिन्न अध्ययनहरुले देखाएको छ । जलवायु परिवर्तनको कारण हिमपात, असिना, बाढी, पहिरो, खडेरी, आगलागि, हावाहुरी, मानव रोगको चट्याङ, कृषिमा रोगकिरा र पशुमा रोग जस्ता

प्रकोपहरुले स्थानीय स्तरमा प्रत्यक्ष रुपमा असर परेको महसुस गरेको पाईएको छ । सन् २०२१ मा वन तथा वातावरण मन्त्रालय तयार गरेको संकटासन्नता तथा जोखिम विशलेषण (VRA) अध्ययनले नेपालको समग्र संकटासन्न विशलेषण अनुसार जुम्ला जिल्ला मध्यम जोखिमा रहेको देखाएको छ। यसै सन्दर्भमा स्थानीय समुदायको जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पारेको असरहरुसंग सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ जुम्ला जिल्लाको पातारासी गाउँपालिकाको संकटासन्नता, सम्मुखता र अनुकूलन क्षमताको विश्लेषणको आधारमा जोखिम मुल्याँकन तयार पारिएको, संकटासन्न नक्शामा आधारित भई स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्वन गरी बहुसरोकारवाला निकायहरु नगरपालिका, जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघ संस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा स्तरबाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ। यो कार्ययोजना आषाढ ७, २०७९ देखि आषाढ १७, २०७९ सम्म पातारासी गाउँपालिकाको विभिन्न तहमा संचालित अनुकूलन कार्ययोजना तर्जुमा विधि तथा गोष्ठीबाट तयार गरिएको हो।

### १.२ स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु

**स्थानीय अनुकूलन योजनाको लक्ष्य तथा मान्यता**

स्थानिय अनुकूलन कार्ययोजनाका निर्दिष्ट सिद्धान्तहरु (समावेशी, उर्ध्वगामी, लचिलो, तत्परता) लाई आधार विन्दु मानिने छ । पातारासी गाउँपालिकामा निर्मित स्थानिय अनुकूलन कार्ययोजनाले गाउँपालिका अन्तर्गत पर्ने सम्पुर्ण वडाहरु, वस्ती र टोलमा तथा समुदायको अनुकूलन क्षमता अभिवृद्दि भई जिविकोपार्जनमा सुधार ल्याएको हुनेछ । यस योजनाका औचित्यहरु निम्नानुसार रहेका छन्:

- अति जलवायु सङ्कटासन्न वडा, टोल, वस्ती तथा समुदाय र तिनका अनुकूलन चुनौती तथा अवसर लगायतका कार्य पहिचान गर्न,
- स्थानीय समुदायले आफ्ना आवश्यकताबारे आफैंले निर्णय गर्न सहज तरिका प्रयोग गर्न सक्ने गरी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न,
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय स्वायत्त शासन ऐन बमोजिम सो कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समायोजन गर्न,
- सेवा प्रदायक निकायले समयमै प्रभावकारी ढंङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रूपमा अपनाउन/कार्यान्वयन गर्न,
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न,
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्न ।

<u>मान्यता:</u>

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान बिशेष अनुसार फरक फरक हुन्छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकिकरण गरी स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- गाउँपालिका स्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागी अनुकूल वातावरणको श्रृजना हुनेछ ।

- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा गाउँपालिकामा रहेको सम्पुर्ण सरोकारवालाहरुलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त उर्ध्वगामी, समाबेशि, तत्परता र लचिलोमा आधारित भई स्थानीय अनुकूलन योजना तयार गरिएको छ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै विषयगत क्षेत्र समेटि बिभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा योजना तयार गरिएको छ।
- स्थानीय अनुकूलन योजना तयार गर्दा स्थानीय विपद व्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिईएको छ ।

### १.३ स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन बीच अन्तरसम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि वन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी लागु गरेको छ भने स्थानीय विपद व्यवस्थापन योजना तयारीको लागि संघीय मामीला तथा स्थानीय विकास मंन्त्रालयवाट मार्गदर्शन तयार गरी लागु गरिएको छ । दुवै दस्तावेजको लागि छुट्टाछुट्टै मन्त्रालयबाट मार्गदर्शन लागु गरिएको भएतापनि यसको उद्देश्य, आशय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैंन । दुबै योजनाको मुख्य उद्देश्य नेपालले भोगीरहनु पर्ने र दोहोरीरहने बाढी, पहिरो, माहामारी, आगलागी, हिमपात, शीतलहर जस्ता विनासकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानसिल समुदायको निर्माण गर्नु रहेको छ । स्थानीय अनुकूलन योजनाले जलवायु परिवतर्नवाट सिर्जित जलवायुजन्य प्रकोपहरुमा केन्द्रित भई संकटासन्न समुदायको अनुकूलित क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद व्यवस्थापन योजनाले जलवायुजन्य तथा अन्य प्रकोपहरुलाई समेटी विपद व्यवस्थापनका पक्षलाई केन्द्रित गरी योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन योजना र स्थानीय विपद जोखिम व्यवस्थापन योजना समायोजन गर्नु पर्ने आवश्यक देखिएकोले विपद व्यवस्थापन योजनामा समावेश भएगरेका विपद व्यवस्थापन सम्वन्धि योजनाहरु पनि स्थानीय अनुकूलन योजनामा समावेश गरी कार्यान्वय गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ ।




चित्र १ : जलवायु परिवर्तन र विपद बिच अन्तर सम्बन्ध

## परिच्छेद २ : पातारासी गाउँपालिकाको परिचय

### २.१ अवस्थिति र भैागोलिक अवस्था

कर्णाली प्रदेश अन्तर्गतको जुम्ला जिल्लाका ८ वटा स्थानीय तहहरु मध्ये पातारासी गाउँपालिका जिल्ला सदरमुकाम खलंगा देखि पूर्वी क्षेत्रमा अवस्थित छ । राज्य पुनसंरचना गर्दा साविकका डिल्लीचौर, पटमारा, छुमचौर र पातारासी गाविसहरुलाई समावेश गरि पातारासी गाउँपालिका गठन गरिएको छ । हाल यस गाउँपालिका ७ वटा वडामा विभाजित रहेको छ । यस गाउँपालिकामा अवस्थित उच्च तथा पर्यटकिय सम्भावना रहेको पातारासी हिमालको नामबाट यस गाउँपालिकाको नाम पातारासी नामाकरण गरिएको हो । पातारासी गाउँपालिका ८१४.०७ वर्ग किलोमीटर भूगोलमा फैलिएको छ । समुन्द्रि सतह देखि करिव २,३६१ मिटर देखि ६,५१२ मिटर सममको उचाइमा रहेको यस गाउँपालिका २९ डिग्री १३ मिनेट ४५ सेकेण्ड देखि २९ डिग्रि ३० मिनेट २५ सेकेण्ड उत्तरी आक्षांस र ८२ डिग्री ०९ मिनेट ५५ सेकेण्ड देखि ८२ डिग्री ३५ मिनेट ३० सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको छ । यस गाउँपालिकाको सीमाना पूर्वमा डोल्पा जिल्लाको मुडकेचुला गाउँपालिका, उत्तरमा मुगु जिल्ला, दक्षिणमा गुठिचौर गाउँपालिका, जुम्ला र पश्चिममा चन्दननाथ नगरपालिका र कनकासुन्दरी गाउँपालिका जुम्ला रहेको छ ।




**चित्र २ : पातारासी गाउँपालिकाको वडा सहितको नक्सा**

उच्च पर्वतिय चिसो हावापानी पाईने यस गाउँपालिकाको जुवा नदिको किनाराको क्षेत्रमा सामान्य गर्मि हुने गर्दछ भने माथिल्नो बस्तिमा जाडो हुने साथै मौसम अनुसार हावाहुरी चल्ने र हिउ, तुषारो पर्ने गर्दछ। यस गाउँपालिकाको मध्य भागमा जवानदी बगने गरेको र अन्य ससाना खोला, जलाधार साथै जलश्रोत एवं प्रयाप्त वन सम्पदा रहेको छ। समुदाय तथा वस्तीहरुको माथिल्नो भागमा वनक्षेत्र, भेडाबाखा चरणको लागि पाटन, खर्क र चारैतिरवाट पहाड, हिमाल रहेको छ ।

### २.२ सामाजिक, आर्थिक तथा मानविय अवस्था

#### २.२.१ सामाजिक अवस्था

यस पातारासी गाउँपालिका जातिय जनसंख्याको हिसावले क्रमस पहाडी ब्राहमण, क्षेत्री, आदिवासी जनजाति र पहाडी दलितको बस्ती रहेको छ । केन्द्रिय तथ्याङक विभागको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार कुल घरधुरी ३१९१ रहेको यस गाउँपालिकामा कुल जनसंख्या १६८८१ मध्ये ८५३२ महिला र ८३४९ पुरुष रहेका छन । केन्द्रिय तथ्याङक विभागको घरधुरी सर्भेक्षण २०७५ अनुसार यस गाउँपालिकामा २७४६ घरधुरी (८६.५२ प्रतिशत) पहाडि ब्राहमण, क्षेत्री, ८१ घरधुरी (२.५५ प्रतिशत) आदिवासी तथा जनजाति २७६ घरधुरी (८.७० प्रतिशत) पहाडि दलित र ७३ घरधुरी (२.३० प्रतिशत) अन्य जातिहरु रहेका छन । यहाँ नेपाली खस भाषी र हिन्दू धर्म मान्ने मानिसहरु अत्यधिक रहेतापनी बौद्ध धर्मावलम्बि पनी छन् । विजया दशमी, तिहार, जेष्ठ पुर्णिमा, हरितालिका तिज, माघे संक्रान्ति, होली, चैते दशै, साउने संक्रान्ति, साउने पुर्णिमा, भदौ पुर्णिमा, बुद्ध जयन्ती महत्वपूर्ण चाडपर्वहरु हुन् ।

### २.२.२ मानवीय अवस्था

यस गाउँपालिकामा मूख्य पेशा कृषि, पशुपालन र वैदेशिक रोजगार रहेतापनी हाल नेपाल सरकारका विभिन्न नीकायहरुमा सरकारी तथा गैह्सरकारी जागिर खानेको संख्यामा अधिकतम बृद्दि हुन थालेको पाईन्छ साथै वहुसंख्यक मानिसको मानवीय अवस्था कमजोर रहेको छ । ६५.६५ प्रतिशत साक्षर रहेको यस गाउँपालिकामा स्नातकोत्तर गनेहरुको संख्या जम्मा १८ जना रहेको छ । ४ वटा स्वास्थ्य चौकी रहेको र जसमा ३० जना स्वास्थ्यकर्मीहरुले सेवा प्रदान गर्दै आईरहेकाछन । मानवीय विकासका निकै सम्भावनाहरु भएतापनि गरिवी, अशिक्षा, अज्ञानता, कमजोर तथा भिरालो भुबनावट रहेको र प्रविधिमा पहंचुको कमी, श्रोत साधनको वैज्ञानिक परिचालन नहुंदा, भौगोलिक दुर्गमता, कमजोर शासन र सार्वजनिक सेवाका जस्ता कारणले यहांका वहुसंख्यक जनताको जीवन जोखिममा छ ।

### २.२.३ आर्थिक क्रियाकलापहरुको अवस्था

यस गाउँपालिकाको मुख्य पेशाको रुपमा कृषि पेशा भएतापनि जीवन निर्वाहमुखी छ। यहाका अधिकांश समुदायहरुमा धान, मकै, गहुँ, जौ, फफर, आलु जस्ता खाद्यान्न वालीका साथै यस गाउँपालिकाको वडा नं. ४, ५, ६ र ७ मा न्युन मात्रामा जिविकोपार्जनका लागि छिटफुट तरकारी खेतीको सुरुवात गरेको पाईन्छ। अधिकाँश समुदायहरुमा स्याउ र ओखर खेति तर्फ थप आकर्षित भएको पाईन्छ ।

## २.३ प्राकृतिक श्रोतको अवस्था (वन, जलस्रोत, जमिन)

### २.३.१ वन सम्बन्धि बिवरण

जैविक विविधताले भरिपुर्ण यस पातारासी गाउँपालिकामा लोपोन्मुख वनस्पतिहरुमा जटामसी, कुट्की, बोभ्फो, सतुवा, पदमचाल, पाँचऔले, सेतोचिनी, पाखनवेद, अतिस, सुगन्धवाल, वनलसुन, गुच्ची च्याउ, चिराईतो, लौठसल्ला, धुपजरी, कटुके, बिषजरा, धुपी, हात्तीजरा, भुल्ने, लसुन, यार्सागुम्वा, खिरङ्गलो, घुच्ची, चोत्रो, ढटेलो, निनयजरी, वायोजरी, सिलाजु, कालादाग, स्याउ, ओखर पाईन्छनभने वन्यजन्तु तथा चराचुरुङ्गिहरुमा डाँफे, कालिज, चिल, गिद्द, काग, बाँज, च्याखुरा, ढुकुर, भ्याकुर, परेवा, भगेरा, काँडेभ्याकुर, नावोटोटो, कस्तुरी, थार, वनेल, भालु, भ्फारल, घोरल, गुना, बादर, स्याल, फ्याउरो, रेडपान्डा, रतुवा, च्यार, फग्राम, लरुवो, नाउर ईत्यादी पाईन्छन । यस गाउँपालिकाको पहाडको माथिल्लो भागहरुको अधिकांश स्थानहरमा खर्कहरु रहेका छनभने गाउँपालिकाको पूर्वतर्फ पातारासी हिमाल रहेको छ । यस गाउँपालिकाको अधिकांश क्षेत्रमा खनिजको रुपमा चुनढुङ्गा, स्लेट खानी, कोइला, तामा, फलाम, ग्यास हुन सक्ने संभावना रहेको खानी तथा भुगर्भ विभागको अनुमान रहेको स्थानीयको भनाई छ । यस क्षेत्रमा हाब्रे जस्तो लोपउन्मुख स्तनधारी जनावर पनि पाईने भएकोले जैविक विविधताको हिसाबले धनी र महत्वपूर्ण छ ।

| मुख्य वनस्पतिहरु |
|---|
| विष (*Aconitum ferox) (Aconitum laciniatum) (Aconitum spicatum)*, बोजो (*Acorus calamus)* केतुकि *(Agave cantula)*, जिम्बु *(Allium hypsistum)*, कुरिलो *(Asparagus racemosus)*, *ठुलो औषधी (Astilbe rivularis)*, *कोईरालो (Bauhinia purpurea)*, पाखनवेद *(Bergenia ciliate)*, भाङ्गो ***(**Cannabis sativa)*, आकाशबेली *(Cuscuta reflexa)*, हातेजडी *(Dactylorhiza hatagirea)*, लोक्ता *(Daphne bholua)*, निगालो *(Drepanostachyum falcatum)*, पन्युच्याउ *(Ganoderma lucidum)*, अल्लो *(Girardinia diversifolia)*, ठोट्ने *(Koenigia mollis)*, गुच्चीच्याउ *(Morchella esculenta)*, |

भुत्ले/जटामसी *(Nardostachys jatamansi)*, सतुवा *(Paris polyphylla)*, कुट्की *(Picrorhiza scrophulariiflora)*, पिप्ला *(Piper longum)*, खिरौंला *(Polygonatum cirrhifolium)/( P. verticillatum)*, पदमचाल *(Rheum austral)/(R. moorcroftianum)*, गुर्जो *(Tinospora sinensis)*, टिम्बुर *(Zanthoxylum armatum)* (Baral 2014, Baral et al., 2014).

| मुख्य जङ्गली चराचुरुङ्गी |
|---|
| हिमाली हिउँकुखुरा *(Tetraogallus himalayensis)*, लरवान *(Lerwa lerwa)*, च्याखुरा *(Alectoris chukar)*, कालो तित्रा *(Francolinus francolinus)*, पिउरा *(Arborophila torqueola)*, लाल कण्ठे पिउरा *(Arborophila rufogularis)*, चिलिमे *(Ithaginis cruentus)*, मुनाल *(Tragopan satyra)*, फोकास *(Pucrasia macrolopha)*, डाँफे *(Lophophorus impejanus)*, लुईचे *(Gallus gallus)*, कालिज *(Lophura leucomelanos)*, चीर *(Catreus wallichii)*, बौँडाइ *(Falco tinnunculus)*, कालो चील *(Milvus migrans)*, हाडफोर *(Gypaetus barbatus)*, हिमाली गिद्द *(Gyps himalayensis)*, काकाकुल *(Spilornis cheela)*, तामे ढुकुर *(Streptopelia orientalis)*, न्याउली *(Megalaima virens)*, कुथुर्के *(Megalaima asiatica)*, ठूलो डुन्डुल *(Glaucidium cuculoides)*, सेतोकण्ठे माटीकोरे *(Halcyon smyrnensis)*, सानो माटीकोरे *(Alcedo atthis)*, ध्वासे चिबे *(Dicrurus leucophaeus)*, भद्राई *(Lanius schach)*, हरियो चिचिल्कोटे *(Parus monticolus)*, गेरुकटी गौँथली *(Cecropis daurica)*, जुरेली *(Pycnonotus cafer)*, बाखे जुरेली *(Hypsipetes leucocephalus)*, काँकिर *(Zosterops palpebrosus)*, डाङ्गे रुपी *(Acridotheres tristis)*, कल्चौँडे *(Myophonus caeruleus)*, धोबिनी रबिन *(Copsychus saularis)*, थोप्ले खोलेधोबिनी *(Enicurus maculatus)*, भ्तेकभ्तेक भ्याप्सी *(Saxicola torquatus)*, काले भ्याप्सी *(Saxicola caprata)*, हिमाली भ्याप्सी *(Saxicola ferreus)*, सानो हजारा चाँचर *(Monticola cinclorhynchus)*, घर भँगेरा *(Passer domesticus)*, फुस्रो टिकटिके *(Motacilla cinerea)*, खोले टिकटिके *(Motacilla maderaspatensis)*, कटुसटाउके मुरलीचरा *(Merops leschenaulti)* (Baral 2014, Baral et al., 2014). |










| मुख्य स्तनधारी जनवार |
|---|
| हिमाली कालो भालु (*Ursus thibetanus*), हाब्रे *(Ailurus fulgens)*, लङगुर (*Semnopithecus schistaceus*), कस्तुरी (*Moschus spp.*), रतुवा (*Muntiacus vaginalis)*, घोरल (*Naemorhedus goral)*, झारल ( *Hemitragus jemlahicus*), थार *(Capricornis thar)* (Baral 2014, Baral et al., 2014). |

### २.३.२ जलश्रोत बिवरण

उच्च पर्वतिय चिसो हावापानी पाईने यस गाउँपालिकामा प्रयाप्त नदि, खोलानाला भएको र बाह्रैमहिना पानी बगिरहने गर्दछ । प्रयाप्त प्राकृतिक श्रोत तथा साधनले भरिपूर्ण यस गाउँपालिकाको अधिकांश बस्ती जुवा नदि को दुवैतर्फ रहेको समथर फाँटमा रहेको पाईन्छ । सिचाईको मुख्य श्रोतको रुपमा रहेको जुवा नदि लगायत सहायक खोला तथा नदिहरु यहाका मूख्य पानीका श्रोतहरु हुन । मूख्य पानीको श्रोतहरु भएका जुवा नदि, हुरी माहेरी गाड, घट्टेखोला, गाईवार खोला, झरमेला खोला, हुरी गाड, महादेव खोला, सान्टार खोला, रिसिङ्गा खोला, पानीमूल खोला, बाग्रेखोला, लुपाखोला, सेरीखोला, लस्केनीखोला, घद्रेखोला, घोडासिन खोला, रिनीगाउ खोला, च्यूरीखोला, वाङ्गतुली खोला, पटमारा खोला, खोरीखोला, दारखोला, पोरीगाडा खोला, चिउगाडा खोला जस्ता जलसम्पदाहरु रहेका छन ।

**तालिका १ : पातारासी गाउँपालिका भित्र संचालनमा रहेका लघु जलबिद्युत तथा बिद्युत उत्पादन केन्द्रहरु**

| क.स. | बिद्युत उत्पादन आयोजना को नाम | अवस्थिति | उत्पादन क्षमता |
|---|---|---|---|
| १ | त्रिवेणी लघु जलविद्युत आयोजना | पतारासी १ | ४५ किलोवाट |
| २ | त्रिवेणी लघु जल विद्युत आयोजना | पातारासी २, पैरे | ४५ किलोवाट |
| ३ | छुटिगाड जलविद्युत आयोजना | पातारासी २, तल्फी | २२ किलोवाट |
| ४ | हुरीगाड लघु जलविद्युत आयोजना | पातारासी ३ | २० किलोवाट |
| ५ | सौर्य उर्जा | पातारासी ३ | २० किलोवाट |
| ६ | बियूरेनी लघु जलविद्युत आयोजना | पातारासी ४, लाम्री | ८ किलोवाट |
| ७ | धानचौर चुनखानी पानीमूल लघु जलविद्युत आयोजना | पातारासी ४ लुम | ३० किलोवाट |
| ८ | सूर्यज्योति वाटर ट्वाईन | पातारासी ५, माथिल्नो लोर्पा | १२ किलोवाट |
| ९ | गुफा वाटर ट्वाईन | पातारासी ५, तल्नो लोर्फा | १० किलोवाट |
| १० | लम्केनी वाटर ट्वाईन | पातारासी ५, लासी | ५ किलोवाट |
| ११ | नौमुडे साना जलविद्युत आयोजना | पातारासी ६ | १२ किलोवाट |
| १२ | घट्टेखोला साना जलविद्युत आयोजना | पातारासी ६ | १० किलोवाट |
| १३ | जुवानदि साना जलविद्युत आयोजना | पातारासी ६ | १० किलोवाट |

### २.३.३ भू–उपयोग

यस गाउँपालिकाको भू उपयोगको अवस्था हेर्दा अधिकांस भू भाग घाँसे मैदान (३३.१२ प्रतिशत), वन क्षेत्र (२७ प्रतिशत) र बाँझो जमिन (२५.४६ प्रतिशत) रहेको छ भने खेतीयोग्य भूमि ४.४१ प्रतिशत मात्र रहेको छ । यस गाउँपालिकाको विस्तृत भू उपयोगको विवरण तालिका २ र चित्र ३ मा प्रस्तुत गरिएको छ ।

तालिका २ : पातारासी गाउँपालिकाको भू उपयोगको विवरण

| क.स. | भु उपयोग | क्षेत्रफल (व.कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेतीयोग्य भूमि | ३५.९२ | ४.४१ |
| २ | बाँझो जमिन | २०७.२६ | २५.४६ |
| ३ | वन क्षेत्र | २१९.८२ | २७.०० |
| ४ | घासे मैदान | २६९.६५ | ३३.१२ |
| ५ | बलौटे जमिन | ५१.०२ | ६.२७ |
| ६ | झाडि क्षेत्र | १३.६६ | १.६८ |
| ७ | हिम नदि | ११.५२ | १.४२ |
| ८ | ताल, पोखरी | २.५७ | ०.३२ |
| ९ | जल क्षेत्र | २.६५ | ०.३३ |
| कुल क्षेत्रफल | | ८१४.०७ | १००.०० |




चित्र ३: पातारासी गाउँपालिकाको भूउपयोग नक्सा

### २.४ भौतिक पुर्वाधारको अवस्था

अव्यवस्थित रुपमा रहेका वस्तीहरुमा स्रोत साधनको कमीले गर्दा सडक यातायातको सुविधा पु¥याउन केहि कठिन भएको छ । हरेक वर्ष योजनाको कार्यान्वयनमा गरिने फेरवदलको कारणले गर्दा स्रोत साधनको बढी भन्दा बढी उपयोग हुन नसकी सडक विस्तारको गति समेत ढिलो हुने गरेको देखिन्छ। यस गाउँपालिकामा ७ वटा वालविकास केन्द्र, १० वटा आधारभूत विद्यालय, ४ वटा मा.वि. र ७ वटा नीजि श्रोतका बिद्यालयहरु संचालनमा रहेका छन । यस पातारासी गाउँपालिका र वडा कार्यालयहरुको निजि भवन निर्माण नभएतापनी वडा नं.३ को सामान्य भवन निर्माण भएको पाईन्छ। यस पालिकामा हालसमम ४ वटा स्वास्थ्य चौकी रहेका छन ।

### २.५ गाउँपालिकामा कार्यरत संघसंस्थाहरुको अबस्था तथा उपलब्ध सेवाहरु

यस गाउँपालिकामा जीविकोपार्जन सुधार र समुदाय विकासका लागि संस्थाहरुले आफ्नो वार्षिक कार्यक्रम मार्फत टेवा पु¥याएका छन् । यस गाउँपालिकाले जिल्ला तथा स्थानीय स्तरमा रहेका निम्न बमोजिमका सम्पुर्ण सरकारी तथा गैरसरकारी संघ सस्थाहरुमा सहयोगका लागि बेला बेला अन्तर्क्रिया गर्ने, पत्राचार गर्ने तथा निरन्तर सम्पर्क र समन्वय गरी अनुकूलन योजना कार्यन्वयन गर्नेछ ।

**तालिका ३ : सेवा प्रदायक संस्थाहरुको विश्लेषण**

| सेवा प्रदायक निकायहरु, संघ संस्था, कार्यालय | संस्थाले प्रदान गर्ने सेवा तथभुमिकाहरु | सम्भाव्य अनुकूलन सहयोग |
|---|---|---|
| जि.स.स. | विकास निर्माण, मेलमिलाप, आर्थिक सहयोग | लापा कार्यन्वयन तथा अनुगमनमा सहयोग |
| वडा, गाउँपालिका | दर्ता, सिफारिश, मालपोत आर्थिक सहयोग | लापा कार्यान्वयन |
| स्वास्थ्य केन्द्र | स्वास्थ्य सम्बन्धी उपचार, सल्लाह, सुझाव | जनचेतना, नयाँनयाँ रोगको बारेमा सचेतीकरण |
| पशु सेवा शाखा | भ्यमक्सीन सेवा, पशु चौपायालाई न्युन शुल्कमा उपचार गर्ने | पशु नश्ल सुधार, निशुल्क पशु सेवा, स्तर उन्नती |
| कृषि ज्ञान केन्द्र, जुम्ला | सहुलियत दर वीउविजन वितरण | वीउ विजनको व्यवस्था, पुनःकृषि तथा पशु सम्बन्धी तालिम दिने, आर्गनिक औषधीको लागी सल्लाह सुझाव |
| ईलाका प्रहरी कार्यलय | शान्ती सुरक्षा कायम र खोज उद्दार कार्यमा सहयोग | वन संरक्षण तथा सरसफाइ अभियान |
| डिभिजन वन कार्यलय | उपभोक्ताको माग अनुसार वन पैदावर आपूर्तिको सहयोग, प्राविधिक सहयोग | वृक्षारोपण, वन व्यवस्थापनका कार्यमा सहयोग |
| मालपोत, नापि शाखा, भूमिसुधार | जग्गा रजिस्ट्रेसन, लालपुर्जा वितरण, रोक्का, फुकुवा | |
| विद्यालय | शैक्षिक सेवा केन्द्र | वतावरण शिक्षा प्रदान |
| विद्युत प्राधिकरण कार्यालय | विद्युत लाइन विस्तार | सस्तो सुलभ तरिकाले सिएफएल सहयोग |
| बैंक तथा बित्तिय संस्थाहरु | ऋण दिने बैकिङ्ग कारोवार, तालिम | सुलभ ब्याजमा ऋण प्रदान गर्ने, आयआर्जन सम्बन्धी तालिम |
| गैसस | निःशुल्क उपचार, अपाङ्गलाई भत्ता, अनाथलाई सहयोग, तरकारी बिऊ प्रदान, शुसासन सिकाई तथा कार्य | जैविक विविधता संरक्षण, दिगो भू-परिथि व्यवस्थापन, वन संरक्षण क्षमतामा |

| सेवा प्रदायक निकायहरु, संघ संस्था, कार्यालय | संस्थाले प्रदान गर्ने सेवा तथभुमिकाहरु | सम्भाव्य अनुकूलन सहयोग |
|---|---|---|
| | केन्द्र, अनुकुलन योजना, आर्थिक र प्राविधिक रुपमा सहयोग गर्ने | अभिवृद्धि, जिविकोपार्जन सम्बन्धी तालिम, अनुकुलनका कार्यक्रम संचालन |
| नेपाल रेडक्रस | राहात सामाग्री वितरण<br>भाँडाकुडा/त्रिपाल /वाटरगार्ड/फिल्टर | जटिल किसिमको रोग लाग्दा स्वास्थ्य उपचारको लागी आर्थिक सहयोग गर्ने, नयाँनयाँ रोगको बारेमा सचेतीकरण |
| सामुदायिक वन उपभोत्ता समुह | काठ, दाउरा प्रदान, विपन्न वर्गमुखी कार्यक्रम संचालन गरेको, सुशासनका कामहरु गर्ने गरेको, वन हेरालुलाई तालिम गोष्ठी तथा चाहिने सामाग्री वितरण, चोरी शिकारी नियन्त्रण दल गठन र परिचालन, का.स.का पदाधिकारीलाई तालिम गोष्ठी दिने गरेको | सुलभ मुल्यमा काठ, दाउरा प्रदान, आयआर्जन सम्बन्धी तालिम, जिविकापार्जनमा सहयोग, विपन्नवर्गमुखी कार्यक्रम अझ बढाउने/सुशानको काम गर्ने |
| सहकारि संस्था लि. | बचत र कर्जा प्रवाह, ऋण उपलब्ध गराउने, आयआर्जन र वैकल्पीक उर्जा | वायोग्यास तथा गोबरग्यास सस्तो सुलभ मात्रामा बनाउन सहजिकरण |

**२.६ गाउँपालिकाको सुशासनको अवस्था**

यस गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ तथा नीतिगत व्यवस्था भए अनुसार कार्य संचालन गरेको पाईन्छ । स्थानीय स्तरमा संचालन भएगरेका सम्पुर्ण साना तथा ठूला योजनाहरुको सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरिक्षण र संस्थाहरुको सामाजिक परिक्षण कार्यहरुको निरन्तरता दिएको छ। पालिका स्तरमा गुनासो सुनुवाई ईकाइ, हेल्पडेक्स र गुनासो पेटिका र कर्मचारी  व्यवस्थापन पनि राम्रोसँग गरेको छ।

## परिच्छेद ३ : स्थानीय अनुकूलन कार्ययोजनाको विधि र प्रक्रिया

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्य योजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, वातावरण निति, २०७६ लाई आधार मानिएको छ। स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको (लापा) राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरु (उर्ध्वगामि, तत्परता, लचकता र समावेशी) र ६ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधि तथा औजारहरुको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ ।




**चित्र ४ : लापा खाकाको समग्र प्रक्रिया**

स्थानिय अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठि पातारासी गाउँपालिकाका जनप्रतिनिधिहरु र पालिका स्तरिय सरोकारवालाहरुलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरेर शुरुवात गरिएको थियो। सो गोष्ठिमा गाउँपालिका क्षेत्रमा मुख्य मुख्य प्रकोपहरुको पहिचान साथै जोखिमहरुको विश्लेषण गरिएको थियो। त्यसैगरी वडा स्तरमा जलवायु परिवर्तन सम्बन्धि सचेतिकरण, प्रकोपको पहिचान र वस्तिहरु छनौट पश्चात् बस्तिहरुमा संकटासन्नता लेखाजोखा र अनुकूलनका कियाकलापहरुको पहिचान गरिएको थियो । वडामा संकटासन्ता लेखाजोखा, प्रकोप श्रोत नक्सांकन समेत तय गरी अनुकूलनका क्रियाकलापहरु पहिचान गरिएको थियो । प्रत्येक क्रियाकलापहरुलाई विभिन्न सुचकको आधारमा प्राथामिकिकरण गरिएको हो। प्रत्येक वडा बाट आएका सुचनाहरुलाई पुन गाउँपालिकामा प्रस्तुत गरिएको थियो । वडाहरुको स्तरीकरण, श्रोत नक्सांकन, गाउँपालिकाको जोखिम विश्लेषण, गाउँपालिका स्तरिय अनुकूलनका क्रियाकलापहरु पहिचान साथै वर्गिकरण गरिएको हो ।




**चित्र ५ : स्थानिय अनुकूलन कार्ययोजना विधि प्रक्रिया**

यस स्थानीय अनुकूलन कार्ययोजनाका तयारी गर्दा अपनाईएका चरण तथा तिनका नतिजाहरु निम्नानुसार रहेका छन् ।

### ३.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

जलवायु परिवर्तन नविनतम विषयवस्तु भएकाले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायुले के कस्तो असर पारेको छ ? के कस्तो प्रभाव पार्न सक्दछ ? अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् ? र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने ? आदि सूचना स्थानिय स्तरमा जानकारी गराउन समुदाय, वडा तथा बस्ती स्तरमा ७ वटा संकटासन्नटा तथा क्षमता बिश्लेषण र गाउँपालिका स्तरमा सचेतना तथा अभिमुखीकरण कार्यक्रम र योजना तर्जुमा तथा मस्यौदा छलफल गोष्ठि संचालन गरिएको थियो । सो क्रियाकलाप बाट २१९ व्यक्ति प्रत्यक्ष लाभान्वित भएका छन् ।

**तालिका ४ : कार्यक्रम अनुसार उपस्थिति विवरण**

| क्र.स. | मिति २०७९ | कार्यक्रम | स्थान | उपस्थिति विवरण | | | जातिगत विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु. | जम्मा | दलित | ज.जा. | बा. क्षे. ठ. | जम्मा |
| १ | आषाढ ७ | गाउँपालिका स्तरिय अभिमुखिकरण कार्यक्रम | गाउँपालिका को कार्यालय, डिल्लीचौर, जुम्ला | ४ | १७ | २१ | ३ | ० | १८ | २१ |

| क्र. स. | मिति २०७९ | कार्यक्रम | स्थान | उपस्थिति विवरण | | | जातिगत विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु. | जम्मा | दलित | ज.जा. | बा. क्षे. ठ. | जम्मा |
| २ | आषाढ ११ | वडा स्तरिय VCA | वडा नं.१, स्यालागढि | ० | १८ | १८ | ० | ० | १८ | १८ |
| ३ | आषाढ ११ | वडा स्तरिय VCA | वडा नं.२, बोजेनी | ८ | २३ | ३१ | १३ | ० | १८ | ३१ |
| ४ | आषाढ १२ | वडा स्तरिय VCA | वडा नं.३, छुमचौर | २ | १३ | १५ | ० | १ | १४ | १५ |
| ५ | आषाढ १३ | वडा स्तरिय VCA | वडा नं.४, डिल्लीचौर | २० | १९ | ३९ | १० | १० | १९ | ३९ |
| ६ | आषाढ १३ | वडा स्तरिय VCA | वडा नं.५, पानीधारा | ५ | १२ | १७ | ० | ० | १७ | १७ |
| ७ | आषाढ १४ | वडा स्तरिय VCA | वडा नं.६, उर्थु, चौतारा | १० | २२ | ३२ | ० | ० | ३२ | ३२ |
| ८ | आषाढ १४ | वडा स्तरिय VCA | वडा नं.७, उर्थु, चौतारा | १३ | १० | २३ | ० | ० | २३ | २३ |
| ९ | आषाढ २० | गाउँपालिका स्तरिय योजना तर्जुमा तथा मस्यौदा शेरिङ्ग गोष्ठि | गाउपालिका को कार्यालय, डिल्लीचौर, जुम्ला | ४ | १९ | २३ | १ | ० | २२ | २३ |
| जम्मा उपस्थिति | | | | ६६ | १५३ | २१९ | २७ | ११ | १८१ | २१९ |

सचेतना कार्यक्रममा सङ्कटासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दल, शैक्षिक एवं सेवा प्रदायक संघ-संस्था, विज्ञ, दलित, जनजाति, किसान, युवा र सर्वसाधारणलाई सहभागी गरिएको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धि पावरप्वाईन्ट मा प्रस्तुति, फ्लेक्स चार्ट, सामुहिक छलफल, लघुप्रवचन, सामुहिक कार्य जस्ता प्रशिक्षण बिधिको प्रयोग गरिएको थियो ।

### ३.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी

यस प्रकृया मार्फत संकटासन्न व्यक्ति तथा समुदायहरु र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरु तयार गर्न मद्दत पुगेको छ । संकटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि मौसमी पात्रो, बाली पात्रो, ऐतिहासिक समय रेखा, संकटासन्नता नक्सांकन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, पारिस्थितिकीय प्रणालीमा पारेको प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोप विच अन्तर सम्वन्ध, जोखिम तथा अनुकूलनको बिश्लेषण र अनुकूलनका उपायहरुको प्राथमिकिकरण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरि सो बाट आएका नतिजाहरु तल उल्लेख गरिएको छ ।

#### ३.२.१ प्रकोपको ऐतिहासिक घटनाक्रम

यस गाउँपालिकामा विगतमा भएका विभिन्न जलवायुजन्य प्रकोपका घटनाक्रमहरुको प्रकृति र प्रभाव बिश्लेषण गर्न बिगत ३० बर्ष भन्दा पहिले देखि हालसम्मको जलवायुजन्य प्रकोप, प्रभाव, प्रभावीत समुदाय र त्यससँग जुध्न गरेका

प्रयासहरुका साथै सो प्रकोपको असरहरुको भविष्यको परिदृष्यको बारेमा बस्तिहरु, वडा र पालिका स्तरमा जनप्रतिनिधिहरु, जेष्ठ नागरिक, वुद्धिजिवी तथा जानकारहरुको उपस्थितीमा समग्र विश्लेषण गरी संकटासन्नताको समग्र अवस्था निम्न अनुसारको तालिका नं. ५ मा उल्लेख गरिएको छ ।

तालिका ५ : पातारासी गाउँपालिकाको प्रकोपको ऐतिहासिक घटनाक्रम

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| हिमपात | हरेक बर्ष | हरेक बर्ष | भेडाबाखा चरण पाटन र खर्कहरु | बेमौसमि हिमपात ले खर्क तथा पाटनहरुमा बर्षेनी ७०० देखि १ हजार वटा सम्म गाई, बाखा, भेडाहरु हिउले पुरिएर मर्ने गरेको ।<br>हरेक बर्ष बैशाख र जेष्ठ महिनाको हिमपातले स्याउ, कोदो, मकै, फाफर नोक्सान हुने गरेको । आवतजावत मा अवरुद्द हुनेगरेको । | आर्थिक संकट, जिविकोपार्जनमा प्रत्यक्ष असर, भोकमरी हुने सम्भावना | सामाजिक सहयोग आदानप्रदान |
| हिमपात | २०७५ | हरेक बर्ष | वडा नं.१ को चाखाचौर पाटनमा | सालमा २ चौरी मरेको । | | |
| हिमपात | २०७८ जेठमा | हरेक बर्ष | वडा नं.२, लम्तेलीखोला | सुक्तवीरे कामकिो १ बहर र डावाघारीमा सुक बोहोराको १ गाई मरेको । | | |
| हिमपात | २०५१ कर्तिक | २००१, २०१९ २०२५ | वडा ३ को कोटपाटन | २०५१ सालमा छुम गाउका ३ जनाको मृत्यु भएको | | |
| हिमपात | २०७८ माघ ७ | हरेक बर्ष | वडा नं.६, जगडा | बदमकली महतारा का ९ वटा भेडाबाखा मरेका | | |
| हिमपात | २०३६ बैशाख | हरेक बर्ष | वडा नं.७, पटमारा गाउको छतना | वडा नं.७ का बलराम बुढाको ६० वटा भेडा मरेका | | |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| हिमपात | २०५३ पौष | हरेक बर्ष | वडा नं.७, को डाफेजुरा | मुगु जिल्लाको पैदलयात्री एकजना शिक्षकको मृत्यु | | |
| हिमपात | २०७० बैशाख | हरेक बर्ष | वडा नं.७, खालीडाँफे | चरणमा रहेका २ वडा घोडा हिमपहिरो पुरिएर मरेका । | | |
| हिमपात | २०७८ आषाढ १५ | हरेक बर्ष | वडा नं.७, ठाकुरज्यू | स्थानीयहरुका २ घोडा र १ सय २० भेडाबाखा मरेका | भेडाबाखा व्यवसाय धरापमा रहने र जिविकोपार्जन मा असर हुने | पातारासी गाउँपालिका बाट प्रति भेडाबाखा रु.२ हजारका दरले राहत प्राप्त भएको । |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | समुदाय र पाटनहरु | स्थानिय गोरेटो बाटो भत्किएको, धान, कोदो र तरकारी खेती पुर्ण नष्ट, वन क्षेत्रमा रहेका डालेघाँस र अन्य बोट विरुवाको बोक्रा खुइलिएको र पात झरेको<br>स्याउ, मकै, फाफर बालि नोक्सान हुने गरेको ।<br>वडा नं.२ को जुवा नदीले खटकेरी, खोलेपानी, जगतन्न, अध्यौली, ठूलीसिम, मूल मा खेतीयोग्य आवादी जग्गा कटान गरेको । | अल्पवृष्टि अनावृष्टि, अतिवृष्टि जस्ता जलवायुजन्य परिवर्तन र असिना पानीको बारम्बारतालाई हेर्दा भविष्यमा असिना पानीको समस्या बढ्दै जाने देखिन्छ । | समुदायले समय अगाडि वाली लगाउने र भित्र्याउने गरेको |
| असिना, बाढि | २०४९ | हरेकबर्ष | गाईवारा खोला | १९ गाई बगाएको र २०० रोपनी आवादी जग्गा कटान गरेको । | | स्थानीयको प्रयासले सम्भव नभएको |
| असिना, बाढि | २०७४ बैशाख | हरेक बर्ष | वडा नं.३, छुम खोला | छुमगाउका ९ घरधुरीका १८ गाई मरेको | | |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| असिना, बाढि | २०७८ श्रावण १२ | हरेक बर्ष | वडा नं.३, छुम खोला | छुमगाउ की ३६ बर्षिया सर्मिला बुढा लाई बगाएर बेपत्ता ।<br>स्थानीयका ११ गाई, ९ वटा पानी घट्टहरु, १०० रोपनी खेतीयोग्य जमिन र ६ वटा काठेपुल क्षति भएको । | | परम्परागत सस्कृति अनुसार मृतकको दाहसस्कार गरेको । |
| असिना, बाढि | २०७६ आषाढ | हरेक बर्ष | मान्द्रखोला | वडा नं.४ का बीर नेपाली को १ घर बगायो, ६ वटा घट्ट पूर्णक्षति भएको । अन्दाजी २० रोपनी आवादी जग्गा कटान गरेको । | | पातारासी गाउँपालिकामा जानकार्रा दिएको । |
| असिना, बाढि | २०७६ आषाढ | हरेक बर्ष | तिर्खुखोला, राङ्टाखोला | वडा नं.४ का स्थानीयहरुको ४ वटा घट्ट वगाएको, २ वटा घर क्षति गरेको । अनदाजि २५ रोपनी आवादी जग्गा कटान गरेको । | | स्थानीय प्रहरी चौकमिा जानकारी गराएको |
| असिना, बाढि | २०७६ आषाढ | हरेक बर्ष | डावाखोला | वडा नं.४ का स्थानीयहरुको अन्दाजि १५ रोपनी आवादी जग्गा कटान गरेको | | |
| असिना, बाढि | २०७४ भाद्र | हरेक बर्ष | लोर्पा, दोफान्ना | वडा नं.५ का २३ बर्षिया डम्बर बुढा खोलाले बगाएर वेपत्ता | | स्थानीयले खोजी गरेको |
| असिना, बाढि | २०७६ आषाढ | हरेक बर्ष | जुवानदी | वडा नं.५ को जुवानदीमा गढिगाउ बाट बगाउर ल्याएको एक बच्चा मृत अवस्थामा फेला परेको | | स्थानीयले उद्दार गरेर कानुनी प्रकृया पुरागरेको |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | चिनारासी खोला, महादेवखोला, मौरेखोला, | खोला को दुवै किनाराको आवादी खेतीयोग्य जग्गा, सार्वजनिक स्थल, वनक्षेत्र कटान गरेको । | | |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| | | | जुवानदि, शिरखोला, लुपाखोला | | | |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | वडा नं.६ का खोलाहरु | वडा नं.६ स्थित जगराखोलाल ले ७ रोपनी, गारुलीखोलाल ले ४ रोपनी, तोराखोलाले ४ रोपनी, चुलेनधारा खोलाले २ रोपनी, चाईमारा खोलाले २० रोपनी, कुलदेउखोलाले ३ रोपनी, गाजीमेलाखोलाले ६ रोपनी, छराखोलाले ३ रोपनी, महादउवखोलाले २ रोपनी खेतीयोग्य जग्गा कटान गरेको र पाखाखोलाले ९ घर उच्चजोममा पारेको छ ।<br>झांग्रिखोलाले विद्युतको पावरहावस पूर्णक्षति गरेको छ । | | स्थानीयहरुले चिन्ता प्रकट गरेको |
| असिना, बाढि | २०७८ बैशाख<br>२०७९ बैशाख १८<br>२०७९ जेठ १५ | हरेक बर्ष | वडा नं.७ को सबै समुदाय | स्थानीयले लगाएको मकै, आलु, स्याउ, सिमि जौ, गहु वाली पूर्ण रुपमा क्षति भएको । | | स्थानीयले गाउँपालिकामा जानकार्री गराएको । |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | वडा नं.७, पातिखाना खोला | गोरेटो बाटो क्षति, १२ रोपनी आवादी जग्गा, ५ वटा घट्ट, ६ वटा काठेपुल क्षति गरेको । | | समुदायले स्थानीय नीकायहरुलाई जानकारी, अनुरोध गरेको |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | वडा नं.७, रैचौरखोला | २ रोपनी आवादी जग्गा, १० रोपनी चरणक्षेत्र, ३ वटा काठेपुल क्षति गरेको | | |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | वडा नं.७, खोलीचौर खोला | २०५४ श्रावणमा ११ घट्ट क्षति, २ रोपनी आवादी जग्गा कटान, २ वटा काठेपुल र ७० भेडाबाखा बगाएको | | |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | वडा नं.७, छतनाखोला | ४ वटा घट्ट, ५ रोपनी आवादी जग्गा, २ वटा भेडीगोठ, ३ वटा काठेपुल क्षति गरेको । | | |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | वडा नं.७, चिउरीखोला | ४ रोपनी आवादी जग्गा कटान गरेको । | | |
| असिना, बाढि | हरेक बर्ष | हरेक बर्ष | वडा नं.७, खालीखोला | १४ रोपनी आवादी जग्गा, २२ रोपनी चरण क्षेत्र, ३ वटा काठेपुल र जलविद्युत आयोजना पुर्ण क्षति गरेको । | | |
| खडेरी | २०२८<br>२०३६<br>२०४२<br>२०६२ | हरेक बर्ष | सबै समूदायहरु | स्थानीय समुदाय र वन क्षेत्रका डाले घाँस, आवादी क्षेत्रका फलफूल र तरकारी सुकेको, पानीका मुहान सुकेको । भोकमरी परेको ।<br>वडा नं.२ का १ महिला, १ पुरुष ले दैलेखको चुप्राबाट खाद्यान्न लिएर आउदा बाटोमा मृत्यु भएको । | कृषि रोग, पशु रोग, मानवरोगमा वृद्धि, पानीका मुहानहरुमा पानीको मात्रा कम भएको । आगलागीका घटनाहरु वृद्धिले हुदा भविष्यमा खडेरीका घटनाहरु अझै बढ्ने, हिमालमा अनियमित हिमपात हुनसक्ने, मरुभुमीकरण हुन सक्ने, बढ्दो गर्मि तथा पानीका मुहानहरु सुक्ने | भोकमरिको कारण कन्दमुल, सिस्नुको जरा, साग, निउरो, बाँको, तितेसाग, खाएको । घरमा भएका गरगहना, भाडाकुडा र चौपायहरु बेचेको । |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| | | | | वडा नं३ हुरीगाउकी एक महिला जुम्ला खलंगा बाट खाद्यान्न लिएर आउदा विच वाटोमा मृत्यु भएको । | कारणले गर्दा स्वस्च्छ पिउने पानीको अभाव भई अझै नयाँ नयाँ खालका रोगहरु देखा पर्ने सम्भावना देखिन्छ । | दैलेखको चुप्रा, जुम्लाको खलंगा बजार देखि उसिनिएको चामल र रातो मकै ल्याएको ।<br>बारेकोट बाट जौ, गहु ल्याएको । |
| पहिरो | २०७८ भाद्र १० | हरेक बर्ष | वडा नं.१, पुनेरी पात्ल, घरपारी | १० रोपनी भन्दा बढि क्षति भएको । | | |
| आगलागि | २०७३ बैशाख | हरेक बर्ष | गढिगाउ, स्यालागढि | कालु बुढा, डिल्ली बुढा, देव बहादुर बुढा को खाद्यान्न, कपडालत्ता, नगद र गरगहना नष्ट | | साविक पातारासि गाविस बाट प्रति घरधुरी रु.१ लाख का दरले राहत सहयोग प्राप्त |
| | हरेक बर्ष | हरेक बर्ष | सबै समुदायहरुको नजिकका सबै वन क्षेत्रहरु | स्थानीय साामुदायिक वन, कबुलियति वन र राष्ट्रिय वन क्षेत्रमा पुनउत्पादन ह्रास हुदे गएको । पानीका मुहानमा पानीको मात्रा घट्दो रहेको । जडिवुटि लोप हुँदै गएको, चराचुरुङ्गि तथा वन्यजन्तुको वासस्थान नाश भएको । चराचुरुङ्गि मृत अवस्थामा देखिएका । | पानीका मुहान सुक्ने, पहिरो बढ्ने, जडिवुटि नाश हुने, वन्यजन्तु लोप हुने | स्थानीय समुदायले स्गाउलाले र माटो खनेर नियन्त्रणमा लिने गरेको |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| चट्याङ्ग | २०६९ | हरेक बर्ष | वडा नं. १ को चरेला डाडा | बालवालिका र समुदायलाई मनोवैज्ञानिक असर गरेको<br>वडा नं.१ ब्र दत्त बुढाका ४ गाई मरेका | | स्थानीयले छोडेर आएको |
| चट्याङ्ग | २०७३ जेठ | हरेक बर्ष | वडा नं.३ को बारधारा | बारधारा लेकमा स्थानीयका ६५ वटा भेडा मरेका | | |
| चट्याङ्ग | २०७५ भाद्र | हरेक बर्ष | वडा नं.४ को फूलगौरा पाटन | वडा नं.४ का ५५० भेडाबाखा मरेका | | |
| चट्याङ्ग | २०७६ भाद्र | हरेक बर्ष | वडा नं.४ लुमको मासिमसेरा पाटन | २०७६ भाद्रमा १५० भेडाबाखा | | २०७६ भाद्रमा स्थानीयले छोडेर घर फर्केका । |
| चट्याङ्ग | २०७९ आषाढ १८ | हरेक बर्ष | वडा नं.४ लुमको मासिमसेरा पाटन | २०७९ आषाढ १८ मा ६५ भेडाबाखै मरेका | | स्थानीय प्रहरीचौकि डिल्लीचौरमा जानकारी गराएको र गाउँपालिकाबाट आर्थिक सहयोग । |
| चट्याङ्ग | २०७१ आषाढ | हरेक बर्ष | वडा नं.५ वनथाप्ला | वडा नं.५ का गौरी बुढाका १० बाखाभेडा मरेका | | स्थानीयले मरेका भेडाबाखाहरुलाई जमिनमुनी गाडेको |
| चट्याङ्ग | २०७० श्रावण | हरेक बर्ष | वडा नं.५, तल्नोलेक | वडा नं.६ का गोरी बिष्ट र निजका ४ गाई सहित मृत्यु भएको । डम्बर बिष्ट घाईते र निजका २ गाई मरेका । | | स्थानीयहरुले मृतक को परम्परागत दाहसस्कार गरेको र घाईतेको |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| चट्याङ्ग | २०६८ भाद्र | हरेक बर्ष | वडा नं.७, रुप्सेपानी | वडा नं.७ का हरि रोकाय घाईते र १० वटा भेडा मरेका | | उद्दार गरेको साथै मरेका चौपायहरु लाई जमिनमुनी गाडेको । |
| चट्याङ्ग | २०७० भाद्र | हरेक बर्ष | वडा नं.७, झारखर्क | वडा नं.७ का ११ वटा भेडा मरेका । | | |
| चट्याङ्ग | २०७१ भाद्र | हरेक बर्ष | वडा नं.७, सालिमकोट | वडा नं.७ का देउती थापा घाईते भउको । | | स्थानीयहरुले घाईतेको उद्दार गरेको । |
| चट्याङ्ग | २०७२ जेठ | हरेक बर्ष | वडा नं.७, डारा | वडा नं.७ का १३ वटा गाई मरेका । | | स्थानीयहरुले मरेका गाईहरुलाई जमिनमुनी गाडेका । |
| चट्याङ्ग | २०७२ भाद्र २ गते | हरेक बर्ष | वडा नं.७, भवानीदेवी थान | वडा नं.७ का जन थापाको घर क्षति | | स्थानीय सामुदायिक वन वाट काठ सहयोग गरेको । |
| चट्याङ्ग | २०७९ आषाढ ८ गते | हरेक बर्ष | वडा नं.७, पानीमूल | वडा नं.७ का हरसिंग थापाको २ घोडि मरेका । | | स्थानीयहरुले मरेका घोडिहरुलाई जमिनमुनी गाडेका । |
| मानवरोग | हरेक बर्ष | हरेक बर्ष | सबै समुदायहरुमा | झाडापखाला, आउँ, रुद्दाखोकि, निमोनिया जस्ता रोगहरुले बर्षेनी ५ देखि १० जना सम्म बालवालिका र बृद्द हरुको मृत्यु हुने गरेको । | चाउचाउ, फ्रुटी, चिसो पियपदार्थहरुको प्रयोगले सबैमा नकारात्मक प्रभाव पर्न सक्छ । दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ, सुनौला हजार दिनका आमाहरु सुरक्षीत पौषण नपाएर कमजोर हुने, गर्भमै बच्चा मर्ने, रक्तअल्पता हुने जस्ता समस्याबाट | स्थानिय स्वास्थ्य चौकी र स्थानीय जटिवुटिको प्रयोग गरि उपचार गर्ने गरेको । |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| | | | | | ग्रसित हुनेछन्, बच्चाहरु कुपोषित हुन सक्नेछन् । प्रदुषणजन्य रोग बढ्नेछ, स्वास्थ्य सेवाको पनि बिस्तार हुनेछ, स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ, खर्च वृद्धि हुनेछ | |
| पशुरोग | हरेक बर्ष | हरेक बर्ष | सबै समुदायहरुमा | गाई, भैँसि, बाखा, गोरुमा खोरेत, ख्यारख्यारे, रिङने रोग । कुखुरामा आँखा पाक्ने, सेतो र हरियो छेर्ने । | भविष्यमा पशुमा रोग बढ्दै जाने देखिन्छ, पशुपालनमा मानिसको चाहना हराउन सक्ने, यो सँगसँगै पशु स्वास्थ्य सेवाको पनि बिस्तार हुनेछ, पशु स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ | मृत पशुहरुलाई माटोमुनी गाडेको ।<br>प्राविधिकको सहयोग र स्थानीय जडिबुटिको प्रयोग गर्ने गरेको । |
| पशुरोग | २०७२ असोज, २०७८ चैत्र, २०७९ बैशाख | हरेक बर्ष | सबै समुदायहरुमा | २०७२ सालमा पटमारा गाउमा पखाला ले ३०० भेडा र २०७८ साल चैत्रमा रिनी गाउमा २५० भेडाहरु मरेका । | स्थानीय जातका पशुहरु लोप हुने समभावना । | मरेका भेडाहरु स्थानीयहरुले जमिनमुनी गाडेका । |
| कृषिमा रोग | हरेक बर्ष | हरेक बर्ष | सबै समुदायहरुमा | गहुँमा ढुसी, सिन्दुरे, कालिपोके, डरुवा ।<br>मकैमा खुडो, कालिपोके, खुम्ले, रातोकमिला, ढुसी ।<br>कोदोमा खुम्ले र गभारो, वालामरुवा ।<br>धानमा डढुवा, बेरुवा । | भबिष्यमा कृषिमा रोगहरु बढ्दै जाने, रासायनिक पदार्थको प्रयोग बढी हुने, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, कृषियोग्य जमिनहरु घडेरीमा परिणत हुने र सहरको विकास हुने | केहि घरधुरीले कृषि प्राविधिकको सल्लाह लिने गरेको र बिषादी प्रयोग गर्ने गरेको |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| | | | | आलुमा रातो कमिला, डरुवा, खुम्ले ।<br>सिमिमा पोका र रातोकमिला ।<br>२०११ र २०७७ सालमा सलह किराले बाली र फलफूल नष्ट गरेको । | | |
| हावाहुरी | हरेक बर्ष | हरेक बर्ष | सबै समुदायहरुमा | स्थानीय बिद्यालय र नीजि घरहरुका छाना उडाईदिने गरेको | विद्यालयहरुका छानाका पूर्वाधारहरुलाई थप मजबुत पारिएन भने पठनपाठन प्रभावित हुने र थप जोखिमको सृजना हुने देखिन्छ । भविष्यमा हावाहुरीका घटनाहरु वृद्धि भई कृषि क्षेत्रमा हुने क्षति बढे तापनि भौतिक पूर्वाधारमा कम क्षति पार्ने देखिन्छ । | स्थानीयले आआफनो घरगोठ र सार्वजनिक भौतिक संरचनाहरु मर्मत सम्भार गर्ने गरेको । |
| वन्यजन्तु आतंक | हरेक बर्ष | हरेक बर्ष | सबै समुदायहरु | सिजन अनुसारका अन्नबाली, तरकारी र फलफूल खेतीवाली क्षति हुने गरेको । भालुले मकै, स्याउ, आलु, स्यालले मकै, कुखुरा र<br>चिल र वनबिरालोले कुखुरा क्षति गर्ने गरेको । | मानवीय क्षति क्रम बढदै जाने होभने बस्ती स्थानात्तर हुन सक्ने | स्थानीयले कराउने र जस्तापाता बजाउने गरेको । |
| वन्यजन्तु आतंक | २०५५ | | वडा नं.२ | आफनो घरवारीको मकैवारीमा नैनी ऐडीलाई भालुले आक्रमण | | स्थानीयको प्रयासमा उपचार गरेको । हाल निजको एउटा आँखा कमजोर । |
| वन्यजन्तु आतंक | २०५९ असोज | | वडा नं.२, भेडीखोर | हरिलाल ऐडी को अनुहारमा आक्रमण | | |

| प्रकोप | साल र महिना | वारम्वारता (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| वन्यजन्तु आतंक | २०७८ श्रावण | | वडा नं.२ शिलवीरे | धने ऐडी को १५ बर्षिया छोरीलाई भालुको आक्रमण | | घरपरिवार र स्थानीयको पहलमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठानमा उपचारपछि घरफर्केको । |
| वन्यजन्तु आतंक | हरेक बर्ष | हरेक बर्ष | सबै समुदायहरु | वडा नं.३ मा हालसम्म भालुको आक्रमणले चौरगाउका ३ जना, छुमगाउका ६ जना, हुरीगाउका ४ जना र महरीगाउका ६ जना घाईते भउका छन । | | |
| वन्यजन्तु आतंक | २०७८ मंसिर | हरेक बर्ष | वडा नं. ६, चुकेनीधार | वडा नं.६ का २९ बर्षिया चन्द्रवीर बिष्ट भालुको आक्रमण बाट घाईते | | स्थानीयहरुको उद्दारपछि घाईतेको स्वास्थ्य अवस्था राम्रो रहेको । |

यस गाउँपालिकामा परापूर्वकालदेखि नै विभिन्न प्रकोपहरु रहेको पाइएको छ । जस्तै बाढि, पहिरो, चट्याङ्ग, खडेरी, आगलागि, हावाहुरी, असिना, मानव रोग आदि ।




**चित्र ६ : प्रकोपको बारम्बारता**

विगत ५० वर्षको प्रकोपको अवस्था हेर्दा बाढी सबै भन्दा धेरै पटक दोहोरीएको पाइयो र यसले पार्ने जोखिम पनी उच्च रहेको देखियो । त्यसपछि पहिरो, चट्याङ्ग, खडेरी, आगलागि, हावाहुरी, असिना, मानव रोग आदि रहेका छन । यी प्रकोपहरुले मानवीय, धनजन, पशुचौपाया, भौतिक पूर्वाधारमा ठूलो क्षती गरेको छ । विगतमा असिना, बाढि का कारण मकै, गँहु, जौ, फाफर, धान तथा फलफूल र करेसावारीको तरकारी खेतीमा क्षति, भोकमरी सृजना हुँदा धनजन नाश भएको इतिहास छ । विगत केहि वर्ष देखि पिडीतहरुले स्थानीय सरकारबाट क्षतीपूर्ती पाएका छन् । हालका दिनहरुमा प्रकोपको यस्ता घटनाहरुमा तिव्रता आएको छ । विभिन्न खालका प्रकोपहरु पटकपटक दोहोरिएको र खानेपानी तथा सिंचाइको समस्या बढी रहेको, पानीका श्रोतहरुमा कमी आएको र अझै कम हुने सम्भावना देखिएकोले रोकथाम तथा अनुकूलित वातावरण सृजना गर्न अति आवश्यक देखिन्छ ।

### ३.२.२ परिवर्तित प्रकोप तथा मौसमी पात्रो

स्थानिय मौसम र मौसमी अवस्था, बाली तथा प्रकोपमा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रो विधिको प्रयोग गरिएको थियो । समुदायको ज्येष्ठ नागरीक, बुद्धिजीविसंगको छलफलबाट भएको जलवायु सम्बन्धि जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरुप, बिरुवाको व्यवहार, प्रकोपको स्वरुप आदिमा आधारित यो पात्रो तयार गरिएको थियो । मौसमी पात्रो सम्बन्धि जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदि हुने समयमा परिवर्तन आएको वा नआएको प्रस्ट समुदायमा देखिएको थियो । पातारासी गाउँपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ६ : परिवर्तित प्रकोप तथा मौसमी पात्रो

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मीको दिन | पहिले | १ | २ | ४ | ४ | ३ | | | | | | | | गर्मि हुने समय १ महिनाले बढेको र अत्याधिक गर्मि हुने समय उस्तै रहेको |
| | | अहिले | २ | ३ | ४ | ४ | ३ | | | | | | | १ | |
| | जाडोको दिन | पहिले | | | | | | १ | २ | ३ | ४ | ४ | ३ | १ | जाडोका दिन २ महिनाले घटेको साथै अत्याधिक जाडो हुने समय पनि १ महिनाले घटेको |
| | | अहिले | | | | | | | १ | २ | ४ | ४ | १ | | |
| वर्षा तथा यसको स्वरुप | मौसमी वर्षा | पहिले | | १ | ४ | ४ | १ | | | | | | | | वर्खे बर्षा १ महिनाले घटेर, १ महिनाले पछाडी सरेको साथै पहिलेको जस्तो अत्याधिक वर्षा हुने नगरेको |
| | | अहिले | | | १ | २ | २ | १ | | | | | | | |
| | हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | पहिले हिउँदमा वर्षा नहुने तर हाल हिउ पर्न कमी भई वर्षा हुने गरेको |
| | | अहिले | | | | | | | | | १ | १ | १ | | |
| | हिमपात | पहिले | | | | | | | १ | १ | ४ | ४ | ४ | १ | अहिले हिउ कम पर्न थालेको साथै हिउ पर्ने समयमा पनि २ महिनाले कमी आएको र अत्याधिक हिउ पर्ने समय पनि १ महिनाले घटेको । |
| | | अहिले | | | | | | | | | ३ | ३ | १ | १ | |
| | तुसारो | पहिले | | | | | | १ | २ | २ | | | | | पहिलेको भन्दा अहिले तुसारो पर्ने समय १ महिनाले घटेको |
| | | अहिले | | | | | | | १ | १ | | | | | |
| बिरुवाको व्यवहार | फूल फुल्ने | पहिले | ३ | | | | | | | | | | | | रैथाने स्याउको बिरुवाको व्यवहार हेरिएको, जस अनुसार फुल लाग्ने समय १ महिनाले अघि सरेको |
| | | अहिले | | | | | | | | | | | | ३ | |

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फल फल्ने | पहिले | | ३ | | | | | | | | | | | रैथाने स्याउको बिरुवाको व्यवहार हेरिएको, जस अनुसार फल फल्ने समय १ महिनाले अघि सरेको |
| | | अहिले | ३ | | | | | | | | | | | | |
| प्रकोपको स्वरुप | खडेरीको घटना | पहिले | | | | | | | | | | | | | पहिले खडेरीको समस्या थिएन तर हाल आएर खडेरीको प्रभाव देखिएको छ |
| | | अहिले | ३ | ४ | | | | | | | | | १ | २ | |
| | बाढी र पहिरोको घटना | पहिले | | | १ | १ | | | | | | | | | वर्षा हुने समयको परिवर्तन सँगै बाढी पहिरोको घटनाक्रम पनि पछि सरेको |
| | | अहिले | | | | ३ | ४ | | | | | | | | |
| जीविकोपार्जनका क्रियाकलापहरु | गहुँ (छर्ने र भित्र्याउन समय) | पहिले | | ४ | | | | | ४ | | | | | | पहिले जेष्ठमा फाफर छर्ने र कार्तिकमा भित्र्याउने गरेकोमा हाल असारमा छर्ने र असोजमा भित्र्याउने गरेको |
| | | अहिले | | | ४ | | | ४ | | | | | | | |
| | जौ (छर्ने र भित्र्याउन समय) | पहिले | | ४ | | | | | | ४ | | | | | जौ पहिले मंसिरमा छर्ने जेष्ठमा भित्र्याइन्थ्यो भने हाल कार्तिक मंसिर तिर छर्ने जेष्ठमा भित्र्याउने गरेको |
| | | अहिले | | ४ | | | | | ४ | ३ | | | | | |
| भौतिक जानकारी | पानीको मूलफुट्ने | पहिले | | १ | २ | ३ | | | | | | | | | पहिले हिउँ प्रशस्त मात्रामा पर्ने भएकोले हिउँदे मुलहरु चैत्र र बैशाखमा फुट्ने र वर्खे मुलहरु असार र श्रावणमा फुट्ने गरेकोमा हाल हिउ कमपर्ने कारण हिउँदे मुल नफुट्ने र वर्खे मुल मात्र फुट्ने गरेको |
| | | अहिले | | | | ३ | | | | | | | | | |

पहिले भन्नाले ३० वर्ष भन्दा माथि र अहिले भन्नाले विगत ५ देखि यताको समय सम्झनु पर्छ ।

नोट : अति उच्च प्रभाव परेको भए ४, उच्च प्रभाव ३, मध्यम प्रभाव परेको भए २ र न्यून प्रभाव परेको भए १ अंक

जलवायु परीवर्तनका कारण हाल गर्मीका दिनहरु बढेका छन् भने जाडोका दिनहरु घट्ने क्रममा छन् । हिउ कम पर्न थालेको छ जसले गर्दा हिउँदे वर्षा हुने गरेको छ । यस्ता मौसमी परिवर्तनले गर्दा बाढी पहिरोको घटना झन बढ्ने क्रममा छ र यसले पार्ने जोखिम पनी उच्च रहेको छ । वर्खे बर्षा पर्ने समयमा कमी सँगसँगै यसको मात्रा पानी कमी आएको छ जसले गर्दा पहिले खडेरीको प्रभाव थिएन भने अहिले यसको प्रभाव उच्च पाइएको छ । यस्ता फेरबदलले गर्दा बाली लगाउने तथा भित्र्याउने समयमा फरक आएको छ र अनिश्चीतता रहेको छ ।

### ३.२.३ तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण ९Climate profile)

विगत (सन् १९७१ देखि २०१४ सम्म) को तापक्रम र वर्षाको मात्रालाई आधार मानेर नेपाल सरकार जल तथा मौसम विज्ञान विभागले २०७४ सालमा गरेको एक अध्ययन अनुसार नेपालको वार्षिक तापक्रम वृद्धि दर ०.०५६ डीग्री सेन्टिग्रेड रहेको छ । जुम्ला जिल्लामा वार्षिक अधिकतम तापक्रम ०.०७ देखि ०.०९ डीग्री सेन्टिग्रेडले बढ्दै गइरहेको सो अध्ययनले देखाउँदछ। त्यसैगरी ताता दिनहरु एवम् रातहरु पनि बढ्दै गइरहेको साथै जुम्ला लगायतका उत्तर पश्चिमी जिल्लाहरुमा वर्षा हुने दिनहरु बढ्दै गएको अध्ययनले देखाउँदछ। पातारासी गाउँपालिकाको नजिकमा रहेको तापक्रम तथा वर्षा मापन केन्द्रको उपलब्ध तापक्रम तथा वर्षाको अध्ययन गर्दा औषत बार्षिक तापक्रम बृद्धि ०.०३२ डिग्री सेल्सीयस तथा औषत बार्षिक बर्षा वृद्दिदर -१.०८ मिलिमिटर रहेको छ । समग्र वार्षिक वर्षा दर घटेता पनि वर्षायामको वर्षादर भने केहि मात्रामा (०.३३ मिमिप्रति वर्ष) वढेको देखिन्छ । यसरी हेर्दा वर्खामा पानी पर्ने मात्रामा बढोत्तरी भएको देखिन्छ जसले गर्दा बाढी र पहिरोको घटनामा तिव्रता आउन सक्ने आँकलन गर्न सकिन्छ । जलवायु परिवर्तनको संकटासन्नताको सबालमा संकटासन्न तथा जोखिम विशलेषण २०२१ (VRA) अनुसार समग्र जुम्ला जिल्ला मभ्यम जोखिममा रहेको देखाउँछ। यस अर्थमा पातारासी गाउँपालिका पनि जलवायु संकटासन्नताका आधारमा उच्च जोखिममा रहेको भन्न सकिन्छ। उपलब्ध तथ्यांकलाई हेर्दा वार्षिक औसत न्युनतम तापक्रम घट्दो क्रममा रहेको देखिन्छ भने वार्षिक औसत अधिकतम तापक्रम भने उच्च दरले (०.०७ डिग्री) सेन्टिग्रेडले बढेको देखिन्छ ।




चित्र ७: अधिकतम, न्युनतम र औसत तापक्रमको अवस्था




चित्र ८ : वार्षिक वर्षा र ऋतुअनुसार वर्षाको विवरण

### ३.२.४ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

माथि उल्लेखित मौसमी पात्रो, ऐतिहासिक घटनाक्रमको समय रेखा विश्लेषणको माध्यमबाट एकिन गरिएका प्रमुख प्रकोपहरुले प्रभावित पारेका क्षेत्रलाई पातारासी गाउँपालिकाको नक्सामा चित्रित गर्न यो विधिको प्रयोग गरिएको छ । सहभागितामूलक तरिकाले तयार गरिएको तल उल्लेखित नक्सामा जलवायुजन्य प्रमुख प्रकोप दोहोरिन सक्ने स्थान र प्रभावित हुनसक्ने वस्ती तथा समुदाय देखाइएको छ ।

**पहिरो**

जलवायु परिवर्तन जोखिम मानचित्रवाली, पातारासी गाउँपालिका (वन तथा वातावरण मन्त्रालय २०२२) अनुसार गत २० बर्षमा यस पातारासी गाउँपालिकामा कूल १३६ वटा पहिरो गएको पाईन्छ । यी पहिरोहरु ०.६२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएका छन भने गाउँपालिका का ७ वटा वडाहरु मध्ये वडा नं.१ मा सबैभन्दा धेरै र वडा नं.५ मा सबैभन्दा कम रहेका छन । प्रस्तुत चित्रमा पातारासी गाउँपालिकाको वडागत पहिरोको विवरण दिईएको छ ।




**चित्र ९ : पातारासी गाँउपालिकाको विगत २० बर्षको वडागत पहिरोको अवस्था**

*श्रोत: वन तथा वातावरण मन्त्रालय २०२२*




**चित्र १० : पातारासी गाउँपालिकामा पहिरोको अवस्था**

*श्रोत: वन तथा वातावरण मन्त्रालय २०२२*




**चित्र ११ : पातारासी गाउँपालिकाको पहिरो जोखिम नक्सा**

*श्रोतः वन तथा वातावरण मन्त्रालय २०२२*

**बाढी**

जलवायु परिवर्तन जोखिम मानचित्रवाली, पातारासी गाउँपालिका (वन तथा वातावरण मन्त्रालय २०२२) अनुसार यस गाउँपालिकाको नदि तथा खोला क्षेत्र वरपर ५.८% कम जोखिम ६.० % मध्यम जोखिम र ८८.२ % उच्च जोखिममा रहेका छन । जुवा नदि तथा यिनका सहायक खोला वरपर र यसको जलाधार क्षेत्रमा रहेका खहरे खोलाहरुमा बाढिको ठूलो समस्या छ। नदि वरपर रहेका सबै वडाहरुको नदि, खोला किनाराको भु भाग बाढिले क्षति गरेको देखिन्छ। उल्लेखित क्षतिको अवस्था चित्रमा देखाईएको छ।




**चित्र १२ : पातारासी गाउँपालिकाको बाढी जोखिम नक्सा**

*श्रोत: वन तथा वातावरण मन्त्रालय २०२२*

### ३.२.५ जोखिमको रुपरेखा

यस विधिको प्रयोगबाट पातारासी गाउँपालिका क्षेत्रमा हाल विद्यमान प्रकोपहरु, ती प्रकोपहरुबाट भईरहेका र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोप बाट प्रभावित र प्रभावित हुन सक्ने संकटासन्न समुदायहरुको विश्लेषण गरिएको थियो ।

**तालिका ७ : पातारासी गाउँपालिकाको जोखिमको रुपरेखा**

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुनसक्ने अनुमान |
|---|---|---|
| हिउ, तुषारो | बेमौसमी हिमपात र तुषारोले गर्दा हिमाली तथा उच्च पहाडी भेगको अन्नवाली र आलु खेतीको उत्पादनमा कमी आएको | अनियमित हिमपात र तुषारोको कारण हिमाली तथा उच्च पहाडी क्षेत्रको वसाई बिस्थापित हुने देखिन्छ । |
| असिना, बाढि, पहिरो | बर्षे पिच्छे खेतियोग्य जमिनको कटान, घर वस्तिहरु विस्थापित, धनजनको साथ साथै खाद्यान्न र पशुपंक्षिको क्षति, विद्यालय, घर आदि जोखिममा | मानवीय क्षती, आर्थिक क्षति, पशु चौपायहरुको मृत्यु, घर तथा वस्ति जोखिममा, वनजंगलको क्षति, विद्यालय जोखिममा, स्थानिय सडकले पहिरोको जोखिम बढेको, बस्ती विस्थापित हुने सम्भावना, अनुकूलनका उपायहरु तत्काल नभएकोले भविश्यमा पहिरोको प्रकोप अझ बढ्न सक्ने |

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुनसक्ने अनुमान |
|---|---|---|
| सुख्खा, खडेरी | पानीका मुहान सुकेको, खेतीपाति समयमा नलाग्नु, उत्पादन घट्नु, रुख बिरुवा र खेती सुक्ने गरेका, पशुपालनमा असर | उत्पादनमा कमी, खाद्यन्न संकट, भोकमरी, महामारी, जैविक विविधतामा ह्रास, मरुभुमिकरण हुन सक्ने, कुनै पनी अनुकूलनका उपायहरु नअपनाईएकाले भविष्यमा जोखिम बढ्ने संभावना रहेको छ, पशुपालन व्यवसाय संकटमा पर्न सक्ने, जडीबुटीहरु लोप हुन सक्ने तथा फलफुल उत्पादनमा कमी हुने |
| आगलागि | विभिन्न समयको आगलागीले बार्षिक १५० भन्दा बढि घरगोठहरु जलेर क्षति भएको, मानविय क्षति, चोटपटक लाग्नु, वनका साना बिरुवा र किरा फट्याङग्राको नास, जिवजन्तुको वासस्थानको विनाश भएको | वन जंगल विनास, पशु पंक्षी तथा वन्यजन्तुको मृत्यु तथा लोप, घाँसपातमा कमि, काठ पैदावरको समस्या |
| असिना | खेतिको फूल र परागसेचन प्रकियामा असर, फलिसकेको अन्नलाई हानी भई उत्पादनमा कमि आएको, घरपालुवा पशुपंक्षीलाई असर गरेको | अन्न बालि तथा फलफुलमा क्षति, बोटबिरुवामा क्षति, घाँसपातमा क्षति |
| चट्याङ्ग | मानवीय र भौतिक संरचनाको क्षति हुनु, मनोवैज्ञानीक असर | उच्च क्षेत्रमा चट्याङ्गसँगको पशुचौपाया र गोठालाको सम्मुखता घट्ने छ |
| मानव रोग | आँउ, झाडापखाला, टाईफाईड, निमोनिया, आँखा पाक्ने रोग आदीको संक्रमणमा वृद्धि, गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), विद्यार्थी, शिक्षक, अभिभावक, जडीबुटी संकलक, मजदुर, पशुपालकले क्षमता अनुसारको कार्य सम्पादन गर्न नसक्ने, मानसिक बिचलन पैदा हुनु, औषधीको खरिदमा रकम बाहिरिनु, दक्ष स्वास्थ्य जनशक्तिको माग बढ्नु, स्वास्थ्य सेवा प्रदायकहरुमा भीड हुनु, खर्चमा वृद्धि हुनु, घरभित्र हुने वायु प्रदुषणका कारणले खाना बनाउने समयमा घरभित्र धेरै समय बिताउने गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), विद्यार्थीलाई श्वासप्रश्वास सम्बन्धी समस्या बढ्दै गएको छ। | दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ, सुनौला हजार दिनका आमाहरु सुरक्षीत पोषण नपाएर कमजोर हुने, गर्भमै बच्चा मर्ने, रक्तअल्पता हुने जस्ता समस्याबाट ग्रसित हुनेछन्, बच्चाहरु कुपोषित हुन सक्नेछन्। प्रदुषणजन्य रोग बढ्नेछ, स्वास्थ्य सेवाको पनि विस्तार हुनेछ, स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ, खर्च वृद्धि हुनेछ। महिलाहरुलाई पाठेघर सम्बन्धिको समस्या बढदै जाने देखिन्छ। |
| पशु रोग | पशुधनको क्षति, आम्दानीको श्रोत घट्दै गएको | पशुहरुमा तथा खेति बालिमा नयाँनयाँ अज्ञात रोग, किराहरु देखा पर्न सक्ने। |

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुनसक्ने अनुमान |
|---|---|---|
| कृषिमा रोग | कृषिजन्य उत्पादन घटेको, उत्पादन भएको अन्न बचाएर राख्न नसकेको, बिषादी प्रयोग गर्नुपर्दा लगानि र खर्च बढेको, बिषाधिको प्रयोग गरिएको । | भविष्यमा कृषिमा रोगहरु बढ्दै जाने, रसायनिक पदार्थको प्रयोग बढी हुने, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, ठुलाठुला कृषियोग्य जमिनहरु घडेरीमा परिणत हुने र शहरको विकास हुने । |
| हावाहुरी | मकै, धान खेती नष्ट गरिदिने र उत्यादनमा कमी हुने, घर गोठ, विद्यालयहरु छानाको उडाएको, पठनपाठन बन्द भएको, मानसिक बिचलन पैदा भएको, ममर्तका लागि थप रकमको व्यवस्थापन गर्नुपरेको, फलफुलको बोटहरु भाँचिदिएको | भविष्यमा हावाहुरीका घटनाहरु वृद्धि भई कृषि क्षेत्रमा हुने क्षति बढे तापनि भौतिक पूर्बाधारमा कम क्षति पर्ने देखिन्छ । |
| वन्यजन्तु आतंक | बाँदर, दुम्सी, स्यालको ंख्यामा बृद्दि भएको, अन्नवाली, तरकारी बाली र फलफूल खेती नोक्सान गर्ने गरेको । घरपालुवा जनावरहरु गोठालो गएको अवस्थामा भालु बाघ, चितुवाले मानविय क्षति र बाखाहरु खाइदिएको, स्थानीयहरुलाई मनोवैज्ञानिक असर परेको । | भालु, बाघ, बाँदर, दुम्सी, स्यालको संख्यामा बृद्दि हुनेक्रम बढदै गएमा बस्ती स्थानान्तर हुनसक्ने देखिन्छ । |

### ३.२.६ संकटासन्न वर्ग तथा समुदाय पहिचान (differnetial impact)

प्रकोपले सिर्जना गरेका असरहरु विश्लेषण गरी उमेर समुह, लिंग, सामाजिक स्तर, वर्ग र जातजाती अनुसार पर्ने र पारेको प्रभावहरुमा छलफल गरियो । प्रकोपका असरहरुले समुदायका वर्ग, जातजातिमा के कस्ता प्रभाव पारेका छन् र ति प्रभावहरु कुन समुहमा बढि असर गर्दछन् भन्ने सवालहरुमा छलफल गरि सबै भन्दा उच्च असर पार्ने लाई ३, मध्यमलाई २ र न्युन असर गर्नेलाइ १ अंक दिएको थियो ।

### तालिका ८ : संकटासन्नवर्ग तथा सामाजिक समुहहरुको पहिचान

| प्रकोप | प्रकोपका असरहरु | संकटासन्नटा वर्ग | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समूह | | | | लिंग | | वर्ग | | | सामाजिक स्तर | | जातजाती | | | |
| | | बालबालिका | युवा | वयस्क | वृद्धवृद्धा | महिला | पुरुष | विपन्न | मध्यम | सम्पन्न | अपांगता भएका व्यक्ति | एकलमहिला | दलित | जनजाति | बा.क्षे.ठ. | |
| असिना, बाढि | आवतजावतमा अवरुद्द, उत्पादनशिल जग्गा क्षति, घर र खेतीयोग्य जग्गा क्षति । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| कृषिमा रोग | उत्पादनमा कमी हुनु । भोकमरी पर्नु । स्थानीय वीउविजन लोप हुनु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| वन्यजन्तु आतंक | मानवीय र कुखुरा, पशुचौपाहरु क्षति हुनु । मानसिक त्रास बढ्दै जानु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| चट्याङ्ग | मानवीय र भौतिक संरचनाको क्षति हुनु । मानसिक त्रास बढदै जानु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| हिउ, तुषारो | अन्नवाली र तरकारी खेती नष्ट हुनु<br>आवतजावतमा समसया हुनु,<br>पशुपालनमा समस्या हुनु,<br>जिविकोपार्जमा समस्या हुनु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| सुख्खा खडेरी | उत्पादनमा कमी हुनु । भोकमरी सृजना हुनु ।<br>पानीका मुहान सुक्नु । वन पैदावार सुक्नु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| पहिरो | आवतजावतमा अवरुद्द, उत्पादनशिल जग्गा क्षति, घर र खेतीयोग्य जग्गा क्षति, सामाजिक संरचना क्षति । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| आगलागि | वन्यजन्तु को वासस्थान नाश हुनु । महत्वपूर्ण तथा लोपोन्मुख जडिबुटि नाश हुनु । पानीका | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |

| प्रकोप | प्रकोपका असरहरु | संकटासन्नटा वर्ग | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समूह | | | | लिंग | | वर्ग | | | सामाजिक स्तर | | जातजाती | | | |
| | | बालबालिका | युवा | वयस्क | वृद्धवृद्धा | महिला | पुरुष | विपन्न | मध्यम | सम्पन्न | अपांगता भएका व्यक्ति | एकलमहिला | दलित | जनजाति | बा.क्षे.ठ. | |
| | मुहान सुक्नु । वन पैदावारको पुनउत्पादनमा कमी हुँदै जानु । | | | | | | | | | | | | | | | |
| असिना | वन्यजन्तुको वासस्थान नाश हुनु । फलफूल, अन्नवाली, तरकारी खेती नष्ट हुनु । पशुपालनको चरिचरणमा अवरोध हुनु । घरका छाना भत्किनु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| पशुरोग | पशुधनको क्षति हुनु । आम्दानीको श्रोत घट्दै जानु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| मानव रोग | बर्षेनी आँउ, पखाला, निमोनिया, आँखा पाक्ने रोग आउनु ।<br>महिलाहरुको पाठेघर सम्बन्धिको समस्या बढदै जानु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| हावाहुरी | घर, गोठको छाना क्षति हुनु,<br>बिद्यालयको छाना क्षति अुनु, बिद्यार्थि, कर्मचारीहरुर्ला आवतजावतमा कठिन हुनु, मनोवैज्ञानीक असर पर्नु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ | २८ |
| **जम्मा** | | ३६ | १२ | १२ | ३६ | २४ | १२ | ३६ | २४ | १२ | ३६ | २४ | ३६ | २४ | १२ | |
| | **नोट : १ - न्यून, २ - मध्यम, ३ - उच्च** | | | | | | | | | | | | | | | |

माथि उल्लेखित संकटासन्नवर्ग तथा सामाजिक समुहहरुको तालिकाबाट स्थानीय स्तरमा देखापरेका तथा महसुश गरेका बिभिन्न खालका प्रकोपहरुले स्थानीय स्तरका वालवालिका, बृद्दबृद्दाहरु, विपन्न, अपाङ्गता भएका व्यक्तिहरु र दलित समुदायहरुलाई अधिकतम असर पार्ने गरेको देखिन्छ । यस्ता प्रकोपको असर उमेर समुहमा बालबालीका र बृद्दबृद्दाहरुमा उच्च, त्यस्तै लिंगको आधारमा महिलामा उच्च, वर्गको आधारमा विपन्नमा उच्च, सामाजीक स्तरको आधारमा अपांगता भएका व्यक्तिमा उच्च र जातजातीको आधारमा दलितमा उच्च रहेको छ । नगरपालिकाका वडा तथा समुदायमा देखापरेका सबैखालका प्रकोपहरुले स्थानीय जनजिवन, जिविकोपार्जनलाई प्रत्यक्ष प्रभाव पारेको छ ।

### ३.२.७ प्रकोपको प्राथमिकिकरण

यस विधिको प्रयोगबाट ऐतिहासिक घटनाक्रम तथा प्रकोप नंक्शाकनबाट पहिचान गरिएका गाउँपालिका अर्न्तगतका ७ वटै वडाहरुमा रहेका विभिन्न जलवायुजन्य प्रकोपहरु मध्ये सवैभन्दा बढी असर तथा प्रभाव पारेको प्रकोप कुन हो भनी स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो ।

ऐतिहासिक समयरेखा र छलफलको आधारमा देखिएको विभिन्न प्रकारका जलवायुजन्य तथा गैह्रजलवायुजन्य प्रकोपहरुले सबै भन्दा बढी जिविकोपार्जनमा पारेको असर र प्रकोपको वारम्वारता साथै त्यसको असरको लेखाजोखा गरी जोखिम तथा प्रकोपको विश्लेषण गर्न तालिका नं. ९ मा जोडाविधीको प्रयोग गरि प्रकोप स्तरिकरण गरिएको छ ।

**तालिका ९ : प्रकोपको स्तरिकरण**

| प्रकोप | हिमपात | असिना, बाढि | खडेरी | पहिरो | आगलागि | चट्याङ्ग | मानवरोग | पशुरोग | कृषिमा रोग | हावाहुरी | वन्यजन्तु आतंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हिमपात | | असिना, बाढि | हिमपात | हिमपात | आगलागि | चट्याङ्ग | हिमपात | पशुरोग | कृषिमा रोग | हिमपात | वन्यजन्तु आतंक |
| असिना, बाढि | | | असिना, बाढि | असिना, बाढि | असिना, बाढि | असिना, बाढि | असिना, बाढि | असिना, बाढि | असिना, बाढि | असिना, बाढि | असिना, बाढि |
| खडेरी | | | | खडेरी | आगलागि | चट्याङ्ग | खडेरी | पशुरोग | कृषिमा रोग | खडेरी | वन्यजन्तु आतंक |
| पहिरो | | | | | आगलागि | चट्याङ्ग | पहिरो | पशुरोग | कृषिमा रोग | पहिरो | वन्यजन्तु आतंक |
| आगलागि | | | | | | चट्याङ्ग | आगलागि | आगलागि | कृषिमा रोग | आगलागि | वन्यजन्तु आतंक |
| चट्याङ्ग | | | | | | | चट्याङ्ग | चट्याङ्ग | कृषिमा रोग | चट्याङ्ग | वन्यजन्तु आतंक |
| मानवरोग | | | | | | | | पशुरोग | कृषिमा रोग | मानवरोग | वन्यजन्तु आतंक |
| पशुरोग | | | | | | | | | कृषिमा रोग | पशुरोग | वन्यजन्तु आतंक |
| कृषिमा रोग | | | | | | | | | | कृषिमा रोग | कृषिमा रोग |
| हावाहुरी | | | | | | | | | | | वन्यजन्तु आतंक |
| वन्यजन्तु आतंक | | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा अङ्क | ४ | १० | ३ | २ | ६ | ७ | १ | ५ | ९ | ० | ८ |
| स्तर | ७ | १ | ८ | ९ | ५ | ४ | १० | ६ | २ | ११ | ३ |

समुदाय र गाउँपालिका स्तरिय कार्यक्रममा भएको सहभागितामूलक छलफलबाट माथि उल्लेखित तालिका अनुसार यस गाउँपालिकामा मुख्य गरी क्रमस असिनाबाढि, कृषिमा रोग, वन्यजन्तु आतंक, चटयाङ्ग, आगलागि, पशुरोग, हिमपात, खडेरी, पहिरो, मानवरोग र हावाहुरी को प्रभाव देखिन्छ। पातारासी गाउँपालिकको भुवनावट, अग्ला तथा ठूलाठूला हिमाल र पहाड, भौगोलिक विगठता रहेको र अनियमित असिना बर्षा र हिमपातका कारण बाढिले बर्षेनी खेतीयोग्य जग्गाजमिन र मानविय क्षति हुने गरेको पाईन्छ। मौसमि तथा बेमौसमि तरकारी खेती र अन्नवाली लाई रोगकिराले अधिकतम असर गर्ने गरेको छ।

### ३.२.८ वडाको जोडागत जोखिम स्तरीकरण

यस गाउँपालिकाका हरेक वडाहरुमा प्राकृतिक तथा गैह्रप्राकृतिक रुपले सिर्जित प्रकोपहरुले सङ्कटासन्न वर्ग तथा समुदायहरुलाई पारेको असर पहिचान गरी विश्लेषण गर्दा मुख्यतया आर्थिक रूपले विपन्न, सामाजिक रूपमा पिछडिएका समुदायहरु र वालवालिकाहरु बढी सङ्कटासन्न रहेको पाईएको छ। यस क्रममा सङ्कटासन्नतायुक्त र सुरक्षित स्थान, भौगोलिक, सामाजिक संरचना, प्रकोपका घटनाबाट विगतमा भएको क्षतिको आँकलन, विपद् जोखिम व्यवस्थापनका अवसर र चुनौती जस्ता विषयको अध्ययन गरिएको छ। उक्त विधिको नतिजालाई (**तालिका नं. १०**) मा प्रस्तुत गरिएको छ।

**तालिका १० : वडाहरुको जोडागत जोखिम स्तरिकरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| १ | | १ | १ | १ | १ | १ | १ |
| २ | | | २ | २ | २ | २ | २ |
| ३ | | | | ३ | ३ | ३ | ३ |
| ४ | | | | | ५ | ६ | ७ |
| ५ | | | | | | ५ | ७ |
| ६ | | | | | | | ७ |
| ७ | | | | | | | |
| प्राप्त अंक | ६ | ५ | ४ | ० | २ | १ | ३ |
| स्तर | १ | २ | ३ | ७ | ५ | ६ | ४ |

माथि उल्लेखित तालिका अनुसार उच्च जोखिमका वडाहरु क्रमस पहिलो वडा नं. १, दोश्रो वडा नं. २ तेश्रो वडा नं.३, चौथोमा वडा नं.७, मध्यम जोखिममा वडा नं.५, वडा नं. ६ र न्यून जोखिममा वडा नं. ४, पर्दछन्।




चित्र १३ : वडागत संकटासन्न नक्सा

तालिका ११ : वडा प्राथमिकिकरण को पुस्ट्याई

| प्राथीमीकीकरण | वडा | पुष्ट्याइँका आधार |
|---|---|---|
| १ | १ | भौगोलिक विकटता, अग्ला अग्ला हिमाल र पहाडको खोच, भिरालो बस्ती, उत्पादनशिल भुभाग कमी, वनक्षेत्र संग जोडिएको बस्ती, पातारासी हिमालको नजिकको बस्ती प्राय हिउ पर्ने र हिउपग्लन धेरै समय लाग्ने गरेको ।<br>सबै गाउँ समुदायहरु असिना बाढि, बन्यजन्तुको आतंकले प्रभावित ।<br>खोलाहरु संगै जोडिएका पातलो वस्तीहरु, पहिरो, आगलागि असिना, वन्यजन्तु, हिमपात, तुषारो, चट्याङ्गको उच्च जोखिम, यातायात र संचारको पहुचमा कमी ।<br>सेवाप्रदायक संस्थामा पहुँचमा कमी |
| २ | २ | केहि भिरालो बस्ती, भौगोलिक विकठता, उत्पादनशिल भुभागको कमी ।<br>वन क्षेत्रसंग जोडिएको बस्ती ।<br>गाउको आवादी जग्गा जुवा नदिको कटान बाट प्रभावित ।<br>असिना बाढि, पहिरो, आगलागि वन्यजन्तु, तुषारो, चट्याङ्गको उच्च जोखिम, यातायात र संचारको पहुचमा कमी । |

| प्राथीमीकीकरण | वडा | पुष्ट्याइँका आधार |
|---|---|---|
| | | सेवाप्रदायक संस्थामा पहुँचमा कमी |
| ३ | ३ | भौगोलिक विकठता, भिरालो बस्ती ।<br>वन क्षेत्रसंग जोडिएको बस्ती, अग्ला पहाडहरुमा हिउ पर्ने गरेको ।<br>सबै गाउँ समुदायहरु असिना बाढि, वन्यजन्तुको आतंकले प्रभावित ।<br>आगलागि असिना बाढि, वन्यजन्तु, तुषारो हिमपात, चट्याङ्गको उच्च जोखिम, यातायात र संचारको पहुचमा कमी ।<br>सेवाप्रदायक संस्थामा पहुँचमा कमी । |
| ४ | ७ | भौगोलिक विकठता, भिरालो बस्ती, उत्पादनशिल भुभाग कमी ।<br>वन क्षेत्रसंग जोडिएको बस्ती, थोरै समथर भुभाग ।<br>सबै गाउ समुदायहरु पहिरोले प्रभावित ।<br>आगलागि असिना, वन्यजन्तु, हुरीवतास, हिउ, तुषारो, चट्याङ्गको उच्च जोखिम, यातायात र संचारको पहुचमा कमी ।<br>सेवाप्रदायक संस्थामा पहुँचमा कमी |
| ५ | ५ | भौगोलिक विकटता, भिरालो बस्ती, उत्पादनशिल भुभाग कमी ।<br>वन क्षेत्रसंग जोडिएको बस्ती, अग्ला पहाडहरुमा हिउ पर्ने गरेको ।<br>सबै गाउँ समुदायहरु असिना बाढिले प्रभावित ।<br>आगलागि वन्यजन्तु, हुरीवतास, हिमपात, तुषारो, चट्याङ्गको उच्च जोखिम,<br>यातायात र संचारको पहुच ।<br>सेवाप्रदायक संस्थामा पहुँचमा कमी |
| ६ | ६ | भौगोलिक विकठता, केहि भिरालो बस्ती ।<br>मुख्य सडक संग जोडिएको बस्ती ।<br>जुवा नदिको वाढि, आगलागि असिना, वन्यजन्तु, हुरीवतास, हिउ, तुषारो, चट्याङ्ग को जोखिम, यातायात र संचारको पहुँच ।<br>सेवा प्रदायक संस्थामा पहुँच । |
| ७ | ४ | भौगोलिक विकठता, केहि भिरालो बस्ती, उत्पादनशिल भुभागमा बढदो शहरिकरण ।<br>वन क्षेत्रसंग जोडिएको बस्ती, केहि गाउ समुदायहरु जुवानदि को कटानले प्रभावित ।<br>आगलागि असिना, वन्यजन्तु, हुरीवतास, हिउ, तुषारो, चट्याङ्ग को जोखिम, यातायात र संचारको पहुचमा रहेको ।<br>गाउँपालिकाको मूख्य केन्द्रमा रहेको र सेवाप्रदायक संस्थामा पहुँच भएको ।<br>पालिकास्तरिय नीकायहरमा पहुँच रहेको । |

### ३.२.९ प्रकोप तथा जोखिम विश्लेषण

समग्र गाउँपालिकामा रहेको प्रकोपको प्रभाव, प्रकोपको प्रभावित क्षेत्रहरु विश्लेषण गर्नुका साथै भविष्यमा प्रकोप हुन सक्ने जोखिम र प्रकोपले पार्न सक्ने जोखिमको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको स्तर लाई १ देखी ४ अंकभार दिई विश्लेषण गरिएको थियो जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ४ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ । यसरी प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको अंक भारलाई गुणाकं गरी प्रकोपको जोखिमको स्तर तय गरिएको थियो ।

**तालिका १२ : प्रकोपको अवस्था तथा जोखिमहरुको विश्लेषण**

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | अंक |
|---|---|---|---|---|---|
| असिना, बाढि | अन्नवाली, तरकारी खेती र फलफूल नष्ट हुनु | ३ | ३ | २ | १८ |
| | अन्नपातको अभाव हुनु | ३ | | ३ | २७ |
| | स्थानीय वीउविजन लोप हुनु | २ | | २ | १२ |
| | वन्यजन्तुहरुको बासस्थान नास हुनु | २ | | २ | १२ |
| | खेतीयोग्य जमिन कटान हुनु | ३ | | ३ | २७ |
| | घर, गोठ क्षति हुनु | २ | | २ | १२ |
| | मानवीय क्षति हुनु | ३ | | ३ | २७ |
| | चौपायाहरको क्षति हुनु | ३ | | ३ | २७ |
| | झोलुङ्गे र काठेपुल क्षति हुनु | २ | | २ | १८ |
| | पानी घट्ट वगाएर क्षति हुनु | ३ | | ३ | २७ |
| | आवातजावात अवरुद्द | २ | | ३ | १८ |
| कृषिमा रोग | जिविकोपार्जनमा समस्या हुनु | २ | २ | २ | ८ |
| | अन्नको अभाव हुनु | २ | | २ | ८ |
| | स्थानीय तथा रैथाने वीउविजन लोप हुनु | १ | | १ | २ |
| | भोकमरी सृजना हुनु | २ | | २ | ८ |
| | ख्याउटे तथा रोगि पशुहरुको जन्मिनु | १ | | १ | २ |
| वन्यजन्तु आतंक | मानविय क्षति हुनु | ३ | ३ | ३ | २७ |
| | त्राहित्राहि बस्नु | ३ | | ३ | २७ |
| | घरपालुवा चौपाय र कुखुराहरु नोक्सान हुनु | २ | | २ | १२ |
| | स्वतन्त्रपूर्वक हिडडुल गर्न कठिन हुनु | २ | | २ | १२ |
| | अन्नवाली, तरकारीवाली र फलफूलहरु क्षति हुनु | २ | | २ | १२ |
| चट्याङ्ग | मनोवैज्ञानिक असर हुनु | २ | १ | २ | ४ |

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | अंक |
|---|---|---|---|---|---|
| | भौतिक संरचनाको क्षति हुनु | १ | | १ | १ |
| | चौपायाहरुको क्षति हुनु | १ | | १ | १ |
| | मानविय क्षति हुनु | ३ | | ३ | ९ |
| आगलागि | वोटविरुवा नष्ट हुनु | २ | २ | २ | ८ |
| | महत्वपूर्ण जटिवुडि नष्ट हुनु तथा लोप हुनु | २ | | २ | ८ |
| | वन विनास हुनु | ३ | | ३ | १८ |
| | भु.क्षय हुनु | ३ | | ३ | १८ |
| | पहिरो आउनु | ३ | | ३ | १८ |
| | वन्यजन्तुहरुको बासस्थान नास हुनु | ३ | | ३ | १८ |
| | अग्ला पहाडहरु बाट ढुंगा खस्नु | १ | | १ | २ |
| पशुमा रोग | स्थानीय तथा रैथाने जातका पशुहरु लोप हुनु | २ | ३ | २ | १२ |
| हिमपात | अन्नवाली र तरकारी खेती क्षति हुनु | २ | ३ | २ | १२ |
| | आवत जावत तथा हिडडुल अवरुद्द हुनु | २ | | २ | १२ |
| सुख्खा, खडेरी | उत्पादनमा कमी हुनु | ३ | २ | ३ | १८ |
| | पानीका मुहान सुक्नु | २ | | २ | ८ |
| | पुर्नउत्पादनमा कमी | २ | | २ | ८ |
| | खाद्यान्न अभाव तथा भोकमरी हुनु | २ | | २ | ८ |
| | मानव रोग, पशुरोग र कृषिमा रोग तथा महामारी बढनु । | २ | | २ | ८ |
| पहिरो | खेतीयोग्य जमिन कटान हुनु | ३ | २ | ३ | १८ |
| | घर, गोठ क्षति हुनु | २ | | २ | ८ |
| | मानवीय क्षति हुनु | ३ | | ३ | १८ |
| | चौपायाहरको क्षति हुनु | ३ | | ३ | १८ |
| | झोलुङ्गे र काठेपुल क्षति हुनु | २ | | २ | ८ |
| | पानी घट्ट वगाएर क्षति हुनु | ३ | | ३ | १८ |
| | आवातजावात अवरुद्द | २ | | २ | ८ |
| मानव रोग | मानीस अस्वस्थ हुनु | १ | २ | १ | २ |
| | खर्च बढनु, जिविकोपार्जमा समस्या हुनु | २ | | २ | ८ |

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | अंक |
|---|---|---|---|---|---|
| हावाहुरी | अन्नवाली, तरकारी खेती र फलफूल खेती नष्ट हुनु | २ | २ | २ | ८ |
| | स्थानीय समुदायका घरका छानाहरु क्षति हुनु | १ | | १ | २ |
| | बिद्यालयका छाना क्षति हुनु | १ | | १ | २ |
| | रुखहरु ढलेर बाटो अवरुद्द हुनु | १ | | १ | २ |

माथि उल्लेखित प्रकोपको अवस्था र अनुकूलनका प्रयासको अवस्थालाई बिश्लेषण गर्दा भौगोलिक विकटता र अनियमित बर्षाको कारण जुवा नदि लगायत खहरेखोलाहरुले धनजन र सामाजिक भौतिक संरचनाहरुलाई क्षति गर्ने गरेकोले अन्य प्रकोपहरुको तुलनामा असिना बाढि, वन्यजन्तु आतंक, चटयांग, खडेरी र आगलागिले मानविय जिवनयापनमा अधिकतम असर पारेको देखिन्छ तसर्थ स्थानीय तथा अन्य सरोकारवाला निकायहरुको सहयोग र समन्वयमा अनुकूलनका कृयाकलापहरु तत्काल कार्यान्वयन गर्न गाउँपालिका र वडा तथा स्थानीय समुदायले प्रयास गर्नुपर्ने देखिन्छ ।

### ३.२.१० जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण

प्राथमिकिकरणमा परेका जोखिमहरुलाई एकातर्फ र जीवीकोपार्जनका स्रोतहरुलाई अर्कोतर्फ राखि सहभागिमूलक विधी द्वारा प्रत्येक जीविकोपार्जनका स्रोतहरुलाई प्रत्येक प्रकोपले पारेको प्रभावसँग तुलना गरि क्षति पुऱ्याउदैन, थोरै क्षति, केही क्षति र धेरै क्षतिको आधारमा ०, १, २, र ३ अंक क्रमशः प्रदान गरि सोही बमोजिम तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका १३ : जीविकोपार्जनका स्रोतहरुमा प्रभाव विश्लेषण**

| क्र. सं. | प्रकोपहरु / जीविकोपार्जनका स्रोतहरू | बाढि | पहिरो | सुख्खा खडेरी | आगलागि | असिना, बाढि | कृषिमा रोग | पशुमा रोग | चट्याङ्ग | वन्यजन्तु आतंक | कुल अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राकृतीक श्रोतहरु | | | | | | | | | | |
| १.१ | जमीन | २ | ३ | ३ | ३ | ० | १ | १ | ० | ० | १३ |
| १.२ | पानीको स्रोत | ३ | ३ | ३ | २ | ० | २ | २ | ० | ० | १५ |
| १.३ | वन जङ्गल | ३ | ३ | ३ | ३ | १ | ० | ० | १ | ० | १४ |
| १.४ | वन्यजन्तु | १ | २ | ३ | ३ | २ | १ | ० | १ | ० | १३ |
| १.५ | जडीबुटी | ३ | ३ | ३ | ३ | १ | ० | ० | ० | ० | १३ |
| २ | भौतीक श्रोतहरु | | | | | | | | | | |
| २.१ | सडक, बाटो | ३ | ३ | १ | १ | २ | ० | ० | ० | ० | १० |
| २.२ | खानेपानी | ३ | ३ | ३ | ३ | १ | ० | ० | ० | ० | १३ |
| २.३ | विद्युत | ३ | ३ | ३ | १ | १ | ० | ० | १ | ० | १२ |

| क्र. सं. | प्रकोपहरु / जीविकोपार्जनका स्रोतहरू | बाढि | पहिरो | सुख्खा खडेरी | आगलागि | असिना, बाढि | कृषिमा रोग | पशुमा रोग | चट्याङ्ग | वन्यजन्तु आतंक | कुल अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.४ | सिँचाइ | ३ | ३ | ३ | १ | १ | ० | ० | ० | ० | ११ |
| ३ | **आर्थिक सम्पत्ती** | | | | | | | | | | |
| ३.१ | कृषि | २ | २ | ३ | १ | २ | ३ | ० | ० | १ | १४ |
| ३.२ | पशु पालन | १ | १ | ३ | २ | १ | १ | २ | ० | १ | १२ |
| ३.३ | रोजगार | १ | १ | १ | १ | ० | १ | १ | ० | ० | ६ |
| ३.४ | व्यापार तथा उद्यम | १ | १ | १ | १ | ० | १ | १ | ० | ० | ६ |
| ४ | **सामाजिक स्रोतहरू** | | | | | | | | | | |
| ४.१ | सामुदायिक भवन | २ | २ | १ | १ | १ | ० | ० | १ | ० | ८ |
| ४.२ | विद्यालय र स्वास्थ्य चौकी | २ | २ | १ | १ | १ | ० | ० | १ | ० | ८ |
| ४.३ | आमा समुह, बाल क्लब, कृषि समुह | २ | २ | १ | १ | १ | ० | ० | १ | १ | ९ |
| ५ | **मानविय सम्पत्ती** | | | | | | | | | | |
| ५.१ | कर्मचारी | २ | २ | १ | १ | १ | ० | ० | १ | ० | ८ |

जीविकोपार्जनका स्रोतहरुमाथीको प्रभाव विश्लेषण गर्दा सबै भन्दा बढी असर वनमा परेको देखिन्छ र क्रमशः पानीका मुलहरु, मानवीय तथा सिँचाइमा परेको देखियो । जोखिमहरुको विश्लेषण गर्दा बाढी र कटान/पटानले सबै भन्दा बढी असर गरेको देखिन्छ। अग्लाअग्ला पहाडहरुमा हिउपर्ने र स्थानीय बसोवास, रहनसहनमा प्रत्यक्ष असर पारेको छ । यसबाट जलवायु परिवर्तनका कारण बाढी, खोला र नदी कटान, खोला र नदिले बालुवा माटो थुपार्ने, र खडेरीले सबै स्रोतमा बढि असर पारेको देखिन्छ।

### ३.२.११ विषयगत क्षेत्रमा पारेको प्रभाव

परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०७६ ले दस वटा विषयगत क्षेत्र र यस विधिबाट पातारासी गाउँपालिकामा विगत ३० वर्ष पहिले देखि हालसम्म जलवायुमा देखिएको परिवर्तनले विभिन्न क्षेत्रगत प्रभाव तथा हालको अवस्था र भविष्यको अनुमान प्रस्तुत गरिएको छ। पहिलेको अवस्थाबाट वर्तमान अवस्थामा भएको परिवर्तन र भविष्यमा पार्न सक्ने नकारात्मक असरको चित्रण गरिएको छ। जसले जलवायु परिवर्तनको नकारात्मक असरबाट अनुकूलित हुन गर्नुपर्ने कामहरूको प्राथमिकीकरण र लेखाजोखा गर्न मद्दत भएको छ।

**तालिका १४ : विषयगत क्षेत्रमा पारेको प्रभाव**

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| **कृषि तथा खाद्य सुरक्षा** | | |

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| प्रयाप्त पानी र परम्परागत सिचाईको अवस्था अव्यवस्थित थियो ।<br><br>खेतबारी उर्वराशक्ति राम्रो थियो, अधिकतम प्रांगारिक र गोठे मलको प्रयोग गरिन्थ्यो । स्थानीय जातको वीउको प्रयोग । धान, गँहु, मकै, कोदो, आलु राम्रो फल्थ्यो, पानी धेरै तथा समयमा पर्थ्यो । वातावरण स्वच्छ थियो । स्थानीय जातका पशुपालन गरिन्थ्यो । चौपायहरु धेरै पाल्ने चलन थियो । | कुलो सिचाईको व्यवस्था व्यवस्थित हुँदै गरेको । खेतबारीमा रासायनिक मलको अत्याधिक प्रयोग हुने गरेको । उन्नत खेती र वीउविजनको प्रयोग । अन्न वालीमा आधुनिकता तिर उन्मुख भएको । पानी समयमा नपर्ने, असिना बाढि पहिरोले खेत बगाउने, मिचाहा प्रजाती देखा परेको । उन्नत जातको पशुपालन शुरु गरिएको । गाइवस्तु पाल्ने चलन कम हुदैं गएको छ । | पक्की तथा व्यवस्थित सिचाई कुलो निर्माण । पानीका मुहानहरु सुक्ने संभावना । प्रांगारिक मलको प्रयोग घट्ने तथा रासायनिक मलको प्रयोग बढने र किटनाशक विषाधिहरुको अत्यधिक प्रयोग हुने । स्थानीय वीउविजनको लोप हुने । खाद्यान्न अभाव तथा भोकमरी हुन सक्ने । बाढि, पहिरोले खेतियोग्य जमिनमा धेरै क्षति गर्न सक्ने, पानीको समस्या झन बढ्दै जानसक्छ जस्ले गर्दा कृषि उत्पादनमा कमि आउनेछ । स्थानीय प्रजातिको पशुचौपाय लोप हुनसक्ने । उन्नत जातका पशुपालनमा बृद्धि हुने । |
| **वन, जैविक विविधता तथा जलाधार संरक्षण** | | |
| ९० प्रतिसत भु-भाग वनले ओगटेको, घना जंगल थियो जंगली जनावर र चराचुरुङ्गीहरु प्रसस्त देख्न पाईन्थ्यो ।<br><br>प्रयाप्त मात्रामा जनावर र चराचुरुङ्गि देख्न पाईन्थ्यो । उच्च हिमाली क्षेत्रमा पाईने सबैखालका लोपोन्मुख जडीवुटी प्रयाप्त मात्रामा पाईन्थ्यो । | वनको घनत्वमा कमी तथा पातलो हुदै गएको वन्यजन्तुहरु लोप भैसकेको छिटफुट लोपोन्मुख जनावर र जडिबुटि कम मात्रामा देखिने गरेको । | वन पातलो हुँदै जाने क्रम नरोकिए जैविक विविधतामा कमि आउन सक्नेछ, । जनावर र चराचुरुङ्गिहरु लोप भएर देख्न नपाईने । जनावरहरु पूर्णरुपमा लोप हुने, पशुपंक्षी सकिने, जडीवुटी पनि पूर्णरुपमा लोप हुने रसबै खालका जडिवुटिहरु लोप भएका हुनेछन् । |
| **जलस्रोत तथा उर्जा** | | |
| पानीका मूल तथा मुहानहरु प्रयाप्त थिए र पानकिो श्रोत राम्रो । आकाशे पानी र हिमपात समय समयमा पर्दथ्यो । घना जंगल थियो, दाउरा, घाँस नजिकै पाईन्थ्यो ।<br><br>दाउरा र टुकी वत्तीको प्रयोग गरिन्थ्यो ।<br><br>पानी धेरै पर्ने गर्थो । पानी घट्टको प्रयोग । | वन पातलो तथा भुकमपको कारण पानीको मुहानहरु चाँडै सुक्ने गरेको । हाल ऊर्जाको रुपमा सोलार वत्ती, छिटफुट एल.पी.ग्याँस को बढी प्रयोग गरिन्छ । जंगल मासिदै तथा पातलो हुदे गएकोले घाँस दाउरा पाउन धेरै टाढा जानुपरेको । सामुदायिक वन र कबुलियति वन संरक्षणमा बृद्धि भएको ।<br><br>सोलार वत्ती र विद्युतको प्रयोग हुने गरेको । पानी घट्टको प्रयोग कम हुदै गएको र सेलरमिल को प्रयोग हुन थालेको । | वर्षेनी भुकम्प को पराकम्पन र वनको चापमा बृद्धि भईरहेकोले सुख्खा खडेरी, खण्डवृष्टि, अतिवृष्टि हुने अवस्था आउन सक्छ । पानीको मुहानहरु सुक्दै जान्छन, भविष्यमा जमिन मुनिको पानी सुक्न सक्ने सम्भावना । हिमपातमा अनियमितता हुने । वन जंगल इतिहासमा मात्रै सिमित रहने, जंगल सखापै हुने, दाउरा घाँस नपाउने, खडेरी तथा मरुभुमी हुन सक्ने । सोलार र बिजुलीको अधिकतम प्रयोग भई नयाँ नयाँ ऊर्जाको अविष्कार हुनेछन् । लघु विद्युत आयोजना र राष्ट्रिय प्रसारण निर्माण हुन सक्ने र प्रयाप्त बिद्युतिय सुबिधा हुने । |
| **स्वास्थ्य खानेपानी तथा सरसफाई** | | |

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| विषादी रहित पोषणयुक्त भोजन हुन्थ्यो । ताजाताजा फलफुल, माछा, मासु, दुध, दही, घ्यू, मह, आदि प्रयाप्त पाईन्थ्यो ।<br><br>मानव रोग कमी, स्वास्थ्य चौकी थिएन । प्राकृतिक उपचार, जडीवुटी, धामीझाँक्रो व्यापक प्रयोग गरिन्थ्यो । धामी, झाँक्री तथा आयुर्वेदिक औषधीको अत्याधिक प्रयोग । | अधिकतम रासायनिक तथा खाद्यमलको प्रयोग, नयाँ नयाँ रोगहरु देखा परेको, मानव स्वास्थ्यमा असर । स्वास्थ्य चौकी तथा उपचार गर्ने ठाउँको व्यवस्था बढदै गएकोले मान्छेको स्वास्थयमा सुधार हुदै गएको । हाल स्वास्थ्यकर्मीको संख्यामा वृद्धि, चेतनामा वृद्धि भईरहेको छ । प्रेसर, सुगर, हाड जोर्नि, मृगौला जस्ता रोगहरु घेरै मानिसमा देखा परेको, धामी झाँक्री हरु द्वारा उपचारमा कमि साथै अस्पताल र स्वास्थ्य चौकिमा उपचार गर्नेको सङ्ख्यामा वृद्धि । | रासायनिक विषाधिको प्रयोग भएको खाद्यान्नले नयाँ नयाँ रोगहरु देखा पर्नेछ । मानीस ख्याउटे, पुडका, अपाङ्ग हुने र महिलाको पाठेघर समस्या साथै गर्भ तुहिने हुन सक्छ । ठुलाठुला स्वास्थ्य संस्थाहरुको स्थापना हुन सक्ने । अस्पतालको पहुँचमा वृद्धि सँगै वडा स्तरमा अस्पतालको व्यवस्था हुन सक्ने । एम्वुलेन्स सुविधा उपलब्ध हुन सक्ने । नयाँनयाँ रोगहरु देखा पर्ने । समुदायहरुमा व्यवस्थित गाउघर क्लिनिक स्थापना हुनेछन् । |
| **जलवायु जन्य प्रकोप न्यूनीकरण तथा विपद जोखिम व्यवस्थापन** | | |
| समयमा वर्षा हुन्थ्यो, तापकम समय अनुकूलन थियो, उर्वराशक्ति प्रसस्त थियो, पानीको स्रोतहरु प्रसस्त थियो<br><br>हावापानीको प्रभावका कारण उत्पन्न रोगहरु कम थियो । वन विनास थिएन, बाढी कम हुन्थ्यो । समय समयमा हिउ पर्थ्यो । वन्यजन्तु प्रसस्त थिए, जडीवुटी प्रचुर मात्रामा पाईन्थ्यो<br><br>समयमा पानी पर्ने तर पहिरोको जोखिम कम थियो | वर्षा ढिलो हुने गरेको छ। तापकम वृद्धि, उर्वराशक्ति घट्दै गएको, पानीका स्रोतहरु सुक्दै गएको रोगको मात्रा बढेको वन विनासमा वृद्धिका कारण बाढी तथा पहिरोको प्रकोप रहेको वन्यजन्तु र जडिवुटिको मात्रामा कमि पानी कम पर्ने हुदा बाढि र पहिरोले क्षति पुऱ्याएको । | अतिवृष्टि तथा अनावृष्टि हुन सक्ने । प्रतिकुल तापकम, उत्पादनको सम्भावनामा कमि, पानीका स्रोतहरु कहाँ थिए भनेर खोज्नु पर्ने अवस्था झन बढने सम्भावना, सबै मानव रोगि हुने सम्भावना ।<br><br>वन सम्पदाको अस्तित्व खतरामा, वन्यजन्तु लोप हुने सम्भावना, जडीवुटी नरहने सम्भावना, अग्ला पहाड तथा हिमश्रृखलाहरुमा व्यापक रुपमा पहिरोले क्षति गरेको हुनेछ । |
| **स्थानीय ग्रामिण तथा शहरी वस्ती** | | |
| जनसंख्या कम थियो । पातलो वस्ती थियो । सरकारी कार्यालयहरु टाढा थिए<br><br>सामान्य गोरेटो बाटोको व्यवस्था थियो ।<br><br>सामान्य माटोढुंगा र काठले बनेका घरहरु थिए, खानेपानी योजना तथा विद्ययालयहरु थिएन । | पक्की घरहरु निर्माणका कामहरु बढिरहेको । सरकारी कार्यालय र गैसस हरुको कार्यालय स्थापनाको क्रम बढदो रहेको गाँउ तथा वस्ती स्तर सम्म मोटरबाटो विस्तारको कार्य भैरहेको । घरको सङ्ख्यामा बृद्धि भएका छ। खानेपानी योजना सञ्चालनमा छन । सामान्य मोटर बाटोको निर्माण भएको छ । विद्यालय भवनको निमार्ण भएको छ । | बढदो शहरिकरणले खेतीयोग्य जग्गा कम हुदै जानेछ । समुदायको पायक पर्ने गरि सरकारी तथा गैसस हरु नजिक रहने र भौतिक संरचनामा व्यापकता रहने । गाँउ तथा समुदायमा पक्की बाटो हुने । प्रयाप्त यातायात सुबिधा रहने छ । पक्की घर, पक्की बाटो, विद्यालयको पूर्वाधारमा बृद्धि, खानेपानी तथा सिँचाइको राम्रो व्यवस्था हुनसक्ने छ । |

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| **उद्योग यातायात तथा भौतीक पूर्वाधार** | | |
| परम्परागत जिवन शैली थियो । कुनैपनी उद्योग स्थापना भएका थिएनन । सडक तथा यातायातका साधनहरु नभएकाले हिडेँर नै आवतजावत गरिन्थ्यो । | स्थानीय स्तरमा वडा तथा समुदायहरु सम्म कच्ची सडकहरुको ट्याक खोलिएका<br>सामान्यससाना उद्योगहरु स्थापना हुन थालेका छन् । | गाउगाउ तथा वस्तीस्तर सम्मका सबै बाटोहरुमा कालोपत्रे गरिएको हुनेछ । ठूलाठूला उद्योगहरु स्थापना भई रोजगार सृजना हुनेछन् । |
| **पर्यटन एवं प्राकृतिक एवं सास्कृतिक सम्पदा** | | |
| पर्यापर्यटनको पहिचान थिएन | पर्यापर्यटनका लागि ओझेलमा परेका सांस्कृतिक सम्पदाहरुको खोजी भैरहेको छ । | गाउँपालिका स्तरका प्राकृतिक तथा सास्कृतिक सम्पदाहरुको संरक्षण तथा संवर्धन हुदा आन्तरिक र वाहृय पर्यटकहरुको गन्तव्य हुनेछ । |
| **लैङ्गिक समानता सामाजिक समावेशिकता, जिविकोपार्जन र शुसासन** | | |
| सरल जिवन शैली थियो । सामाजिक कार्यका अधिकतम जनश्रमदान गरिन्थ्यो । सर्वसम्मत र सामाजिक सम्मान तथा मर्यादाको विश्वास हुन्थ्यो । | मानव अधिकारको प्रत्याभुतिका लागि आवाज उठिरहेका छन् । सामाजिक श्रमदानमा कमि हुदै गएको छ । सामाजिक शुशासन हुने गरेको छ । | लोकतान्त्रिक पद्दति र लोकतन्त्रको प्रत्याभुति हुनेछ ।<br>सामाजिक श्रमदान हुनेछैन र सबै परनिर्भर हुनेछन् ।<br>भ्रष्टाचार र अनियमितता गर्ने गराउने दुवै पक्षलाई कारवाहीको कडा कानुनी राज्यको प्रत्याभुति हुनेछ । |
| **जनचेतना अभिवृद्दि तथा क्षमता विकास तथा अनुगमन** | | |
